नेपाली राष्ट्रिय दैनिक
# हिमालय टाइम्स
www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times
वर्ष ३७, अंक ५४ काठमाडौं | २०८२ फागुन ५ मंगलबार | फाल्गुन कृष्णपक्ष औंशी | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Tuesday 17 February 2026 | पृष्ठ ८ | मूल्य रु ५।-

# नयाँ अनुहार, पुरानै एजेण्डा

## आश्वासनको पोको बोकेर घरदैलोमा उम्मेदवार

**अनिल क्षेत्री/हिटा**
काठमाडौं, ४ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको प्रचारप्रसारमा जुटेका दलहरूले औपचारिक रूपमा घरदैलो अभियान थालेका छन् । राजनीतिक दल र उम्मेदवारहरूले घरदैलो अभियानलाई थप तीव्र बनाएका छन् । निर्वाचन आयोगले निर्धारण गरेको चुनावी प्रचारप्रसारको समय सुरु भएसँगै चुनावी सरगर्मी झन् बढेको हो । मुख्य प्रतिस्पर्धी दलहरूलाई चुनावी माहोलले तताएको छ । निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरू जनतामाझ पुगिरहेका छन् । विगतका चुनावमा जस्तै यसपटक पनि राजनीतिक दल र उम्मेदवारहरू विकास निर्माण र सुशासनका पुरानै एजेण्डा बोकेर घरघर टोलटोल पुग्न थालेका छन् ।

नयाँ भनिएका राजनीतिक दल र उम्मेदवारहरूले पनि मतदातासमक्ष नयाँ एजेण्डा प्रस्तुत गर्न सकेका छैनन् । विशेष गरी गत निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र गत भदौ २३ र २४ गते भएको 'जेन-जी' आन्दोलनपछि स्थापना भएर पहिलोपटक चुनावमा भाग लिएका दलहरूले पनि विकास निर्माण, सुशासन जस्ता परम्परागत राजनीतिक दलहरूले प्रस्तुत गर्ने गरेका एजेण्डा बोकेर मतदातासमक्ष पुगिरहेका छन् ।

विशेषगरी राजनीतिक दलका नेतृत्वले राज्यलाई सुशासनमुखी ढंगले सञ्चालन नगरेको आक्रोश पोख्दै

» पृष्ठ २ मा क्रमशः




### प्रचण्डको ध्यान प्रधानमन्त्री पदमै

नेपाली कम्युनिष्ट पार्टी नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले 'जेन-जी'ले देशको नेतृत्वका लागि आफूलाई नै प्रधानमन्त्रीका रूपमा हेर्न चाहेको दाबी गर्नुभएको छ । निर्वाचन क्षेत्र रुकुम पूर्वको चुनावी अभियानका क्रममा टोलटोलमा पुग्नुभएका दाहालले 'जेन-जी'हरूले नेकपा नै आफ्नो वास्तविक अभिभावक भएको बुझिसकेको दाबी गर्दै भन्नुभयो, 'जेन-जीका मुख्य नेताहरूले प्रचण्डलाई नै प्रधानमन्त्री बनाएको भए हुने रहेछ भन्न थालेका छन् । यसको अर्थ म आफैँ पदको भोको भएको होइन, बरु देश र जनताको बदलिँदो चाहना बुझ्नुपर्छ भन्न खोजेको हुँ ।'



### मतदातासँग ओलीको गुनासो- 'देशभक्तिको काम गर्नै नहुने, मजाक बनाइदिने'

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एक कार्यकाल पूरा गर्न चारपल्ट प्रधानमन्त्री हुनुपर्ने अवस्था रहेको बताउनुभएको छ । झापा-५ मा चुनावी घरदैलोको क्रममा सोमबार ओलीले चारपटक प्रधानमन्त्री हुँदा एक कार्यकाल पूरा भएको स्मरण गर्नुभयो । राम्रो काम गर्न खोज्दा पनि हुन नदिएको जिकिर गर्दै अध्यक्ष ओलीले भन्नुभयो, 'देशभक्तिको काम गर्नै नहुने । यहाँ औद्योगिक क्षेत्र बनाउन नदिने भनेर देशभित्र देश बाहिरका अनेक शक्ति लागेका छन् । अरू कामहरूमा पनि त्यस्तै । कुनै पनि कामलाई मजाक उडाउने । गम्भीर कुराहरू गर्दा उखान टुक्का भन्यो भन्ने । गम्भीर कुरा भन्या हुन्छ, उखान टुक्का भन्छ ।'



### कांग्रेसले आसन, भाषण र शासनमा सुधार गर्छ : शर्मा

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले आफूहरूले आसन, भाषण र शासनमा सुधार गर्ने दाबी गर्नुभएको छ । सोमबार लमजुङको कांग्रेस जिल्ला कार्यालय भवन उद्घाटन र विश्वेश्वरप्रसाद कोइरालाको सालिक अनावरण कार्यक्रममा उपसभापति शर्माले भन्नुभयो, 'बदलिएको कांग्रेसले अब देशको आसन, भाषण र शासनमा सुधार गर्नेछ । कुनै पनि व्यक्ति सत्तामा निरन्तर आसन जमाउने परम्परा भत्काएर, हामी १, २, ३ र ४ को नीति संविधानमा अंकित गर्नेछौं । अब उप्रान्त कोही पनि प्रधानमन्त्री र मुख्य मन्त्री दुईपटक भन्दा बढी रहन पाउने छैनन् ।' उहाँले चुनाव जित्ने नाममा जे पनि आश्वासन दिएर समाजमा निराशा नजगाउनसमेत आग्रह गर्नुभएको छ ।



### घरदैलोमा रविलाई मतदाताको प्रश्न- 'कैदी निकाल्न नेतृत्व गर्नुभएको होईन र ?'

रास्वपाका सभापति रवि लामिछानेलाई चितवनका मतदाताले 'जेन-जी' आन्दोलनको क्रममा नक्खु कारागारबाट निस्किएको विषयमा प्रश्न गरेका छन् । सोमबार चितवन निर्वाचन क्षेत्र नम्बर २ मा घरदैलो गर्न पुग्नुभएका रविलाई मतदाताले कारागारबाट कैदी निकाल्नलाई नेतृत्व गरेको हो ? भनेर प्रश्न गरेका हुन् । घरदैलो क्रममा एक मतदाताले सभापति लामिछानेलाई प्रश्न गर्दै भन्नुभयो, 'जेन-जी आन्दोलनको क्रममा तपाईं बाहिर निस्किनुभयो । त्यो बेला तपाईं निस्किएपछि धेरै कैदीबन्दीहरू पनि निस्किए । करिब-करिब तपाईंले नै नेतृत्व गरेको भनेजस्तो पनि बाहिर चर्चा छ । सत्य कुरा के हो ?' जवाफमा लामिछानेले यस विषयमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा बनेको जाँचबुझ आयोगमा गएर बयान पनि दिइसकेको र आयोगले पनि आफूलाई यस आरोपबाट मुक्त गराएको बताउनुभएको थियो ।



### कीर्तिपुर डाँडाबाट लाखौं कमाउने कुरा हावादारी होइन : थापा

नेपाली कांग्रेसका सभापति गगन थापाले नेपाललाई आगामी पाँच वर्षभित्र 'डिजिटल हब' बनाउने महत्त्वाकांक्षी खाका सार्वजनिक गर्नुभएको छ । सभापति थापाले सूचना प्रविधिको क्षेत्रमा थोरै सुधार गर्दा पनि ठूलो नतिजा ल्याउन सकिने विश्वास व्यक्त गर्नुभएको छ ।केही समयअघि कीर्तिपुरको एक सभामा 'ल्यापटप चलाएरै मासिक तीन-चार लाख कमाउन सकिन्छ' भनी दिएको अभिव्यक्ति ट्रोलको विषय बने पनि त्यो हावादारी कुरा नभई योजनाबद्ध सोच रहेको उहाँले स्पष्ट पार्नुभएको छ । थापाले सन् २०२४ देखि २०३४ सम्मको अवधिलाई 'आइटी दशक' का रूपमा अघि बढाउने लक्ष्य राख्दै पाँच वर्षभित्रै करिब ४ खर्ब रुपैयाँ बराबरको आइटी सेवा निर्यात गर्न सकिने दाबी गर्नुभयो । उहाँको योजनामा दुई लाखभन्दा बढी प्रत्यक्ष रोजगारी सिर्जना गर्ने, कम्तीमा २०० नेपाली आइटी कम्पनीलाई विश्वबजारमा विस्तार गर्ने लक्ष्य समावेश छ ।



### विदेशी चलखेलले काठमाडौंको फोहोर व्यवस्थापन गर्न सकिनँ : बालेन

एमाले अध्यक्ष केपी शर्मा ओलीलाई हराउने भन्दै झापा-५ मा पुग्नुभएका बालेन साहलाई उक्त क्षेत्रका मतदाताहरूले काठमाडौं महानगरपालिकामा खेलेको भूमिकालाई लिएर प्रश्न गरेका छन् । गत माघ ४ गते काठमाडौं महानगर प्रमुखबाट राजीनामा दिएर झापा ५ मा ओलीसँग भिड्न पुग्नुभएका बालेनलाई सुकुम्बासीदेखि फोहोर व्यवस्थापनसम्मका प्रश्न आइरहेका छन् । काठमाडौंको फोहोर व्यवस्थापन र सुकुम्बासी समस्याबारे मतदाताले राखेको प्रश्नको जवाफमा विदेशी चलखेल भएको जिकिर गर्दै बालेनले भन्नुभयो, 'काठमाडौं महानगरपालिकामा अन्तर्राष्ट्रिय चलखेल भयो । प्रधानमन्त्रीभन्दा के कुराको कमी थियो र ? राजधानीको मेयरलाई । विदेशी चलखेलका कारण प्रधानमन्त्रीको समेत मलाई दबाब थियो । फोहोर व्यवस्थापनमै विदेशी चलखेल भएकाले मैले भनेजति व्यवस्थापन गर्न सकिनँ ।'

## निर्वाचनको तयारी अन्तिम चरणमा

# मतपत्र छपाइ सकियो, अब जिल्ला-जिल्लामा पठाइने



**डिबी शर्मा/हिटा**
काठमाडौं, ४ फागुन

आसन्न प्रतिनिधिसभा निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन आउन १६ दिन बाँकी रहँदै गर्दा तयारी अन्तिम चरणमा पुगेको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार मतपत्र छपाइको काम पनि सकिएको छ । निर्धारित लक्ष्यभन्दा दुई दिन अगाडि नै मतपत्र छपाइको काम सकिएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले जनाएको छ । छपाइ सकिएपछि मतपत्र प्याकिङ सकेर बाँकी जिल्लामा ढुवानी गर्ने काम सुरु गर्ने केन्द्रका कार्यकारी प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले बताउनुभयो । प्रत्यक्ष तर्फका दुई करोड तीन लाख मतपत्र छपाइ गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार ४२ दिनको कार्यतालिका लिएर मतपत्र छपाइ सुरु गरिएको थियो तर सोमबार ४० दिनमै छपाइ सकिएको हो ।

- आचारसंहिता उल्लंघनका ६६ उजुरी, ३२ वटाले पठाए स्पष्टीकरण
- निर्वाचनमा खटिने कर्मचारीलाई शतप्रतिशत सुविधा
- केन्द्रबाट थप १३ हजार प्रहरी खटाइँदै
- सैनिक दिवसमा विदेशी सेनाको सहभागिता स्वाभाविक प्रक्रिया

दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गरिएको उहाँले बताउनुभयो । केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमुना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ । केन्द्रले समानुपातिकतर्फको दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ गरी प्याकिङ गरेर जिल्ला जिल्ला पठाउने काम गरिरहेको छ । यसैगरी, प्रत्यक्ष्यतर्फका मतपत्र पनि छपाइसँगै प्याकिङ गरेर पठाउने काम जारी रहेको केन्द्रले जनाएको छ ।

» पृष्ठ २ मा क्रमशः

### पछिल्ला चुनावहरू मितव्ययी बन्दै गएका छन् : कावा प्रमुख आयुक्त भण्डारी



निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले पछिल्लो समय निर्वाचनलाई आयोगले मितव्ययी बनाउँदै लगिएको जिकिर गर्नुभएको छ । निर्वाचनको आर्थिक अवस्था र महिलाको सहभागितासम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले २०७९ सालको निर्वाचनपछि आयोगले खर्चको सीमालाई घटाउँदै लगेको बताउनुभयो । २०६४, ०७० र ०७४ भएका निर्वाचनमा देखिएको अत्यधिक खर्च र निर्वाचन सामग्रीको दुरुपयोग २०७९ सम्म आइपुग्दा केही नियन्त्रणमा आएको उहाँको दाबी छ । '०६४, ०७० र २०७४ को निर्वाचनमा बेप्रवाह बेथिति हुन्थ्यो । २०७९ सालमा आएपछि केही सीमित भएको छ', उहाँले भन्नुभयो, 'त्यसलाई यो २०८२ सालको निर्वाचनमा अझै खर्चमा मितव्ययी र सीमाभित्र राखौं भन्ने सोचले खर्चसीमा तोकिएको छ ।'

### निष्पक्ष चुनाव गराउन सरकार जिम्मेवार भएर काम गरिरहेको छ : मन्त्री श्रेष्ठ



महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले आसन्न निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र समावेशी तरिकाले सम्पन्न गर्न सरकार जिम्मेवार भएर लागिपरेको बताउनुभएको छ । सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले निर्वाचनको तयारीको कामलाई सरकार, निर्वाचन आयोग, नागरिक समाजलगायत सबै पक्षले तीव्रताका साथ अघि बढाएको स्पष्ट पार्नुभयो । महिला मतदाताको संख्या बढाउने कुरामा पनि सरकारले आवश्यक वातावरण बनाउने काम गरिरहेको उहाँको भनाइ थियो । 'वर्तमान सरकारको मुख्य म्याण्डेट पनि यो फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनलाई कसरी निष्पक्ष, स्वच्छ, स्वतन्त्र, समावेशी र लोकतान्त्रिक तरिकाले गराउने जिम्मेवारी हाम्रो रहेको छ र यसमा हामी सबै तत्पर भएर काम गरिरहेका छौं', मन्त्री श्रेष्ठले भन्नुभयो ।




### प्रतिनिधिसभा निर्वाचन-२०८२

## रास्वपा : रवि र बालेन क्रेज-३

प्रा.पुरुषोत्तम दाहाल

नवयुवाहरूले भ्रष्टाचार र कुशासनविरुद्ध गरेको आन्दोलनको अपनत्व लिई घाइते तथा शहीद परिवारका मागहरूको यथोचित सम्बोधन गर्ने प्रतिबद्धता जनाउनेसहित सातबुँदा रहेको सहमति पत्र बालेन्द्र शाह र रास्वपाबीच भएको हुनाले भदौ २३ र २४ को घटना, त्यसको नेतृत्व, उद्देश्यबारे चर्चा-विचर्चा गरिहनु पदेन । ती घटनाबारे गठित कार्की आयोगका लागि पनि ती घटनाको पृष्ठमा को छ भनेर कारण खोतल्ने झन्झट भएन । ०२८ देखि ०३१ सम्मका सबै हिंसात्मक घटनाहरूको नैतिक जिम्मेदारी बीपी कोइरालाले लिनुभएको थियो । ०५२ पछिको दश वर्षे सशस्त्र हिंसाको आंशिक जिम्मेदारी पुष्पकमल दाहाल प्रचण्डले लिनुभएको थियो । अहिले ०८२ भदौ २३ र २४ को काण्डको स्वामित्व रवि र बालेनले ग्रहण गर्नुभएको हुनाले परिणाममाथि मात्रै विमर्श गर्नुपर्ने देखिन्छ ।

पृष्ठ 8 मा

टोकला चिया
स्वादिलो

### मुगुमा त्रिपक्षीय भिडन्त

## कांग्रेस-एमालेबीचको परम्परागत प्रतिस्पर्धामा नेकपा र रास्वपाको चुनौती


खड्गबहादुर शाही, कांग्रेस


पूर्णबहादुर रोकाया, एमाले


चन्द्रबहादुर शाही, नेकपा


भुवन टमाटा, रास्वपा

**नृपेन्द्रबहादुर मल्ल/हिटा**
मुगु, ४ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनले हिमाली जिल्ला मुगुलाई पुनः राष्ट्रिय राजनीतिको केन्द्रमा ल्याएको छ । एक मात्र निर्वाचन क्षेत्र रहेको मुगुमा यसपटक परम्परागत दुई शक्ति (नेपाली कांग्रेस र नेकपा एमाले) बीचको प्रतिस्पर्धामा नयाँ शक्ति नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र उदाउँदै गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समेत निर्णायक रूपमा उभिएका छन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार मुगुमा यसपटकको चुनाव 'त्रिपक्षीय प्रतिस्पर्धा' मात्र नभई मत विभाजन र गठबन्धन विघटनको प्रत्यक्ष परीक्षणसमेत बन्ने देखिएको छ ।

प्रतिनिधिसभा सदस्यका लागि कांग्रेसबाट खड्गबहादुर शाही, एमालेबाट पूर्णबहादुर रोकाया र नेकपाबाट चन्द्रबहादुर शाही चुनावी मैदानमा

» पृष्ठ २ मा क्रमशः

### पुराना खेलाडीसँग नयाँ अनुहार

कांग्रेसका शाही २०७४ को प्रदेश निर्वाचनमा पराजित भए पनि यसपटक पहिलोपटक प्रतिनिधिसभा चुनावी मैदानमा उत्रिनुभएको छ । एमाले जिल्ला कमिटी अध्यक्षसमेत रहनुभएका रोकाया पनि पहिलोपटक संघीय निर्वाचनमा

» पृष्ठ २ मा क्रमशः

### अंकगणित के भन्छ ?

२०७९ सालको समानुपातिक मत परिणामअनुसार मुगुमा एमाले पहिलो, कांग्रेस दोस्रो, माओवादी केन्द्र तेस्रो र एकीकृत समाजवादी चौथो स्थानमा थिए । जसमा एमालेले ८,६४३ मत, कांग्रेसले ८,४४० मत, माओवादी केन्द्रले

» पृष्ठ २ मा क्रमशः

### रास्वपा र युवा प्रभाव

रास्वपाका उम्मेदवार भुवन टमाटा युवा पुस्ताका प्रतिनिधि मानिनुहुन्छ । गाउँ-गाउँमा पुगेर अभियान चलाइरहनु भएका टमाटाप्रति विशेषगरी 'जेन-जी' समूहका युवाहरू आकर्षित हुँदै गएको स्थानीय दाबी छ ।

» पृष्ठ २ मा क्रमशः

### मतदाता संख्या र सम्भावित प्रभाव

जिल्ला निर्वाचन कार्यालयका अनुसार मुगुमा कुल ३६ हजार ३१ मतदाता छन् । जिल्लाभर ६७ मतदान स्थल र ७९ मतदान केन्द्र तोकिएका छन् । तर, हिउँद याम, रोजगारीका लागि भारत तथा तेस्रो मुलुक पलायन, र मतदातामा

» पृष्ठ २ मा क्रमशः


# पशुपतिनाथ-वैद्यनाथधाम जोड्ने करिडोर बन्ने

## बिहार विधानसभामा बजेट प्रस्तुत

**दिपिका न्यौपाने/हिटा**
काठमाडौं, ४ फागुन

भारत सरकारले नेपालको पशुपतिनाथ मन्दिरदेखि बिहार हुँदै झारखण्डको वैद्यनाथधामसम्म 'पशुपतिनाथ-वैद्यनाथधाम हाई-स्पिड करिडोर' बनाउने भएको छ । नेपालको काठमाडौंमा रहेको पशुपतिनाथ र भारतको झारखण्डको देवघरस्थित बैजनाथधामसँग जोड्न भारत सरकारले नयाँ करिडोर निर्माणको प्रस्ताव स्वीकृत गरेको हो ।

भारतको केन्द्र सरकारले भागलपुर हुँदै जाने यो नयाँ करिडोर निर्माणका लागि प्रशासनलाई आवश्यक तयारी सुरु गर्न निर्देशन दिइसकेको छ । बिहारका सडक निर्माण मन्त्री डा. दिलीप जैसवालले गत मंगलबार विधानसभामा आर्थिक वर्ष २०२६/०२७ का लागि ८२ अर्ब ६० करोड बजेट प्रस्तुत गर्दै पशुपतिनाथ-वैद्यनाथधाम हाई-स्पिड करिडोर एक्सप्रेसवेका बारेमा जानकारी दिनुभएको हो ।





मन्त्री जैसवालका अनुसार प्रस्तावित करिडोर

» पृष्ठ २ मा क्रमशः

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहीबार हुँदैछ ।
- मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिव मूर्ति



तनहुँको म्याग्दे गाउँपालिका-४ थर्पुमा निर्माण गरिएको ३८ फिटको शिव मूर्ति । तस्वीर : मिला दरै/रासस

आज वि.सं. २०८२ फाल्गुन ५ गते, मंगलबार, ई.स. २०२६ फेब्रुअरी १७, तिथि- फाल्गुन कृष्णपक्ष औंशी, धनिष्ठा- नक्षत्र, परिघ- योग, नाग- करण, चन्द्रराशि- मकर, सूर्योदय- ६:४२, सूर्यास्त- १७:५५ ।



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : आर्थिक फाइदा र सामाजिक सञ्जाल विस्तार हुने देखिन्छ। समूहगत कार्यमा सफलता मिल्ने र मित्रजनको सहयोग प्राप्त हुने सम्भावना छ। दीर्घकालीन योजनामा गति आउने समय हो। अरूको हितमा सोच्दा आत्मसन्तुष्टि मिल्नेछ।

वृष : कर्मक्षेत्रमा प्रभावशाली अवसरहरू ल्याउने संकेत गर्दछ। नेतृत्वदायी भूमिका वा जिम्मेवारी बढ्नसक्छ। वरिष्ठ व्यक्तिको सल्लाह अवलम्बन गर्नु लाभदायक हुनेछ। कार्यक्षमता प्रदर्शन गर्ने दिन हो, आलस्य नगर्नुहोस्।

मिथुन : अध्यात्म र उच्च ज्ञानप्रति आकर्षण बढाउनेछ। यात्रा वा शिक्षासम्बन्धी योजनामा सकारात्मक प्रगति सम्भव छ। धार्मिक कार्य वा गुरुजनसँगको सम्पर्क लाभदायक बन्नसक्छ। आफूमा विश्वास राखी अघि बढ्दा सफलता पक्कै मिल्नेछ।

कर्कट : अप्रत्याशित परिवर्तन वा मानसिक अस्थिरता अनुभव हुनसक्छ, सतर्क रहनु आवश्यक छ। आर्थिक लेनदेन वा स्वास्थ्यसम्बन्धी मामिलामा सावधानी अपनाउनु हितकर हुनेछ। गोप्य कुरामा संलग्न नहुनु नै श्रेयस्कर हुनेछ।

सिंह : साझेदारी वा वैवाहिक सम्बन्धमा स्पष्टता ल्याउने समय हो। भावनात्मक समझदारीले सम्बन्धहरूमा सुदृढता आउनेछ। व्यापारमा सहकार्यबाट फाइदा हुने सम्भावना छ। विचार र निर्णयमा धैर्य अपनाउनु उपयुक्त हुनेछ।

कन्या : दैनिक क्रियाकलापमा सुधार आउनेछ र स्वास्थ्य पक्षमा सामान्य राहत अनुभव हुनेछ। प्रतिस्पर्धामा सफलता प्राप्त गर्न सकिने समय हो। कार्यक्षेत्रमा अनुशासनले सफलता सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ।

तुला : प्रेम, सन्तान र सिर्जनात्मक अभिव्यक्तिमा सकारात्मक ऊर्जा ल्याउनेछ। अध्ययन वा कलात्मक क्षेत्रका व्यक्तिहरूका लागि उत्कृष्ट समय हो। भावनात्मक स्थिरता र व्यवहारमा सन्तुलन आवश्यक हुनेछ। बुद्धिमत्तापूर्वक लिएको निर्णय सफल हुने सम्भावना छ।

वृश्चिक : गृहपरिवारमा सम्वादमा केही अस्पष्टता आउनसक्छ, संयमता आवश्यक छ। मानसिक शान्ति र मातापिताको स्वास्थ्यमा ध्यान दिनुहोला। घर-जग्गासम्बन्धी निर्णयमा आज विलम्ब गर्नु उपयुक्त हुनेछ।

धनु : सञ्चार, लेखन, वा यात्राका माध्यमबाट प्रगति हुने संकेत छ। भाइबहिनी वा छिमेकीसँगको सम्बन्धमा सुधार सम्भावना छ। आत्मबल र पहलदक्षता वृद्धि हुने समय हो। नयाँ विचारहरू कार्यान्वयन गर्न सकिने उपयुक्त दिन हो।

मकर : आर्थिक निर्णय र पारिवारिक सम्वादमा स्पष्टता आवश्यक हुनेछ। सञ्चयप्रति ध्यान जानु लाभदायक बन्नसक्छ। मिठासयुक्त व्यवहारले सम्बन्धमा सुधार ल्याउनेछ। मूल्य र नैतिकताको दृष्टिकोणबाट सोच्दा लाभ हुनेछ।

कुम्भ : आत्मबल, वाणी र व्यक्तित्वमा प्रभावशाली सुधार आउँनेछ। सार्वजनिक स्थानमा सम्मान प्राप्त हुनसक्छ। आत्मविश्लेषणका लागि उपयुक्त समय हो, यद्यपि आत्मकेन्द्रित बन्ने खतरा पनि रहन्छ। संयम, नम्रता र विवेक प्रयोग गर्नु हितकर हुनेछ।

मीन : अनावश्यक खर्च वा यात्रामा बाधा सम्भव भएकाले सजग रहनु उपयुक्त हुनेछ। मानसिक एकाग्रता घट्न सक्ने भएकाले ध्यान वा साधनामा लाग्दा लाभ हुनेछ। परोपकार र एकान्तले आत्मसन्तोष मिलाउन सक्छ।

# पूर्व-स्वीकृतिबिना पात्रो र क्यालेण्डर प्रकाशनमा रोक

**हिमालय टाइम्स**
काठमाडौं, ४ फागुन

सरकारले अब पात्रो (पञ्चांग) र भित्तेपात्रो (क्यालेण्डर) प्रकाशन तथा वितरण गर्नुअघि अनिवार्य रूपमा पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था कडाइका साथ लागू गर्ने भएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै पूर्व-स्वीकृतिबिना कुनै प्रकारका पात्रो तथा क्यालेण्डर प्रकाशन र वितरण गर्न नपाइने स्पष्ट पारेको हो। समिति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत क्रियाशील निकाय हो।

समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीका अनुसार गठन आदेश-२०७९ तथा आन्तरिक व्यवस्थापन निर्देशिका-२०७९ बमोजिम व्यक्ति, संघ-संस्था, प्रकाशक तथा वितरकले पात्रो (पात्रो/पञ्चांग) र भित्तेपात्रो (क्यालेण्डर) प्रकाशन गर्नुअघि अनिवार्य रूपमा समितिबाट स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था छ। पछिल्लो समय बजारमा पूर्वस्वीकृतिबिना प्रकाशन तथा वितरण भइरहेका सामग्रीको संख्या बढेपछि उक्त व्यवस्था कार्यान्वयनमा कडाइ गरिएको उहाँले जानकारी दिनुभयो।

### त्रुटिपूर्ण विवरणले सर्वसाधारणमा अन्योल

समितिका अनुसार हाल बजारमा पाइने कतिपय पात्रो तथा क्यालेण्डरमा तिथि, मिति, सार्वजनिक बिदा, पर्व-उत्सव, ग्रह-नक्षत्र लगायतका विवरणमा त्रुटि भेटिएको छ। यस्ता त्रुटिका कारण सर्वसाधारणमा अन्योल सिर्जना हुनुका साथै धार्मिक, सांस्कृतिक तथा प्रशासनिक कामकाजमा समेत असर पर्ने गरेको जनाइएको छ। 'पात्रो केवल मिति हेर्ने साधन मात्र नभई हाम्रो धार्मिक र सांस्कृतिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो', कार्यकारी निर्देशक पन्थीले भन्नुभयो,



नेपाल पञ्चांग निर्णायक विकास समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थी ।

'त्यसैले आधिकारिक र प्रमाणित विवरणसहितको पात्रो प्रकाशन हुन आवश्यक छ।'

### अनुगमनका लागि समिति गठन

पूर्वस्वीकृति लिए/नलिएको बारेमा अनुगमन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा छुट्टै अनुगमन समिति गठन गरिएको छ। उक्त समितिलाई पूर्वस्वीकृतिबिना प्रकाशित तथा वितरण गरिएका पात्रो र क्यालेण्डर जफत गर्ने तथा आवश्यक कारबाहीका लागि सिफारिश गर्ने अधिकार प्रदान गरिएको जनाइएको छ। समितिले स्वीकृतिबिना प्रकाशित सामग्री बजारमा फेला परेमा कानुनअनुसार जफत गरिने र सम्बन्धित प्रकाशक तथा वितरकमाथि कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ।

### जिल्ला प्रशासन कार्यालयसँग सहकार्य

भित्तेपात्रो प्रकाशन गर्नुअघि अनिवार्य रूपमा समितिसँग पूर्वस्वीकृति लिन सरोकारवाला सबैलाई निर्देशन दिँदै समितिले उक्त व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न देशभरका जिल्ला प्रशासन कार्यालयसँग सहकार्य र सहयोगको अपेक्षा गरेको छ। समितिका अनुसार अब आगामी वर्षका लागि प्रकाशन गरिने सबै प्रकारका पात्रो तथा क्यालेण्डरले पूर्वस्वीकृति लिएपछि मात्र बजारमा आउन पाउनेछन्। यस कदमले पात्रो प्रकाशन क्षेत्रमा एकरूपता कायम हुनुका साथै सर्वसाधारणले प्रमाणित र विश्वसनीय विवरण पाउने विश्वास समितिले व्यक्त गरेको छ।

## नयाँ अनुहार,...

« पृष्ठ १ बाट क्रमशः

'जेन-जी' पुस्ताका युवाहरूले भदौ २३ गते शान्तिपूर्ण आन्दोलनको आह्वान गरेका थिए। तर, 'जेन-जी' आन्दोलनले सिर्जना गरेको मध्यावधि चुनावमै सबै नयाँ र पुराना राजनीतिक दलका उम्मेदवारहरूले व्यवस्थाविरोधी आशा बाँडेर फेरि मत मागिरहेका छन्। संविधानले सबै तहका सरकारको अधिकार र दायित्वको विषयलाई बाँडफाँट गरेको छ। तर, संघीय संसद्को सदस्यका लागि निर्वाचनका लागि प्रतिस्पर्धा गरिरहेका उम्मेदवारहरूले भने व्यवस्थाले कल्पना नगरेको स्थानीय तह र प्रदेश तहको सरकारको अधिकार कुण्ठित हुनेगरी विकास निर्माणको आशा देखाएर मत मागिरहेका छन्।

शनिबार मात्रै नेकपा एमाले झापा-५ ले पार्टी अध्यक्ष केपी ओलीलाई निर्वाचनमा जिताउनैपर्ने ३० कारण सार्वजनिक गरेको छ। जसमा राष्ट्रिय राजनीतिक विषयदेखि स्थानीय तहको कार्यक्षेत्र पर्ने मुद्दाहरू समेटिएका छन्। नेपाली कांग्रेसका सभापति गगन थापाले आफूलाई प्रतिनिधिसभाको निर्वाचनपश्चात् मुलुकको प्रधानमन्त्रीको रूपमा समेत अघि सार्नुभएको छ। अहिले सर्लाही-४ बाट उम्मेदवार बन्नुभएका थापाले चुनावी प्रचार तथा मतदाता भेटघाट अभियानमा राष्ट्रिय मुद्दासँगै स्थानीय मुद्दालाई नै प्राथमिकता दिएर मत मागिरहनु भएको छ। सर्लाही-४ लाई भौतिक विकासदेखि शिक्षा र स्वास्थ्यको दृष्टिकोणले पनि उत्कृष्ट बनाउन आफू लाग्ने मतदातासँग प्रतिबद्धता व्यक्त गर्नुभएको छ। रुकुम पूर्वबाट उम्मेदवार बन्नुभएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले पनि राष्ट्रिय राजनीतिक विषयसँगै स्थानीय मुद्दालाई पनि आफ्नो चुनावी एजेण्डा बनाउनुभएको छ। चितवन-२ बाट उम्मेदवार बन्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सुशासनको मुद्दा जोडतोडले उठाउनुभएको छ। यद्यपि, लामिछाने आफैं सहकारी ठगी र संगठित उपराधको मुद्दाका अभियुक्त हुन्। लामिछानेविरुद्ध सहकारी ठगी र संगठित अपराधको मुद्दा अहिले पनि अदालतमा विचाराधीन छन्।

रास्वपाबाट भावी प्रधानमन्त्रीको उम्मेदवारमा प्रस्तावित झापा-५ का उम्मेदवार बालेन साहले पनि चुनावी प्रचारको क्रममा देश दौडाहमा गएर स्थानीय मुद्दाहरूलाई नै प्राथमिकता दिनुभएको छ। यीबाहेक अन्य सबै दलका शीर्ष तहका र अन्य सबै उम्मेदवारहरूले खानेपानी, सडक, भवन, मन्दिर, तटबन्धजस्ता स्थानीय सरकारले अघि बढाउने स्थानीय मुद्दाका विषयवस्तुलाई लिएर चुनावी प्रचार पोस्टर नै निर्माण गरेको सामाजिक सञ्जालमा छ्यापछ्याप्ती देखिन्छन्।

## मुगुमा त्रिपक्षीय...

« पृष्ठ १ बाट क्रमशः

हुनुहुन्छ। यसबाहेक रास्वपाबाट भुवन टमाटा, नेकपा माओवादी पृष्ठभूमिका रंगवीर परियार, राप्रपाबाट बलबहादुर मल्ल, प्रगतिशील लोकतान्त्रिक पार्टीका एटन मल्ल लगायतका उम्मेदवारले समेत उम्मेदवारी दिनुभएको छ। साना दलहरूको उपस्थिति भए पनि मुख्य भिडन्त कांग्रेस, एमाले र नेकपाबीच केन्द्रित हुने आँकलन गरिएको छ।

## पुराना खेलाडीसँग...

« पृष्ठ १ बाट क्रमशः

प्रतिस्पर्धा गर्दै हुनुहुन्छ। उहाँ पूर्वजिल्ला समन्वय समितिका प्रमुखसमेत हुनुहुन्छ। नेकपाका चन्द्रबहादुर शाही भने मुगुका अनुभवी र 'पाका' राजनीतिक खेलाडी मानिनुहुन्छ। उहाँ २०५६ सालको संसदीय निर्वाचनमा विजयी हुनुभएको थियो भने २०७४ मा प्रदेशसभा सदस्य निर्वाचित भई कर्णाली प्रदेश सरकारमा कृषि तथा सहकारी मन्त्रीको जिम्मेवारी सम्हालिसक्नु भएको छ। राजनीतिक अनुभव र संगठनात्मक पकडका आधारमा शाहीलाई बलियो दाबेदारका रूपमा हेरिएको छ।

## अंकगणित के...

« पृष्ठ १ बाट क्रमशः

४,६५० मत र एकीकृत समाजवादीले २,६१२ मत प्राप्त गरेको थियो।

माओवादी केन्द्र र एकीकृत समाजवादी एकीकृत भई नेकपा बनेपछि उनीहरूको मत आधार एकीकृत भएको दाबी गरिएको छ। यही कारण कांग्रेस र एमाले दुवै दललाई 'टाउको दुःखाइ' थपिएको स्थानीय विश्लेषण छ।

२०७९ को प्रत्यक्ष निर्वाचनमा भने कांग्रेस-माओवादी-समाजवादी गठबन्धनका साझा उम्मेदवारले १४,७०६ मत ल्याई विजय हासिल गरेका थिए भने एमाले उम्मेदवारले १०,७१० मत प्राप्त गरेका थिए। दुईबीच ३,९९६ मतको अन्तर थियो।

यसपटक कुनै गठबन्धन नरहेकाले विगतको समीकरण पूर्णतः परिवर्तन भएको छ। कांग्रेसले पाएको गठबन्धनको मत घट्ने आँकलन गरिएको छ भने एमालेले प्रत्यक्ष लाभ लिनसक्ने दाबी गरिरहेको छ। उता, नेकपाले आफ्नो एकीकृत मत र असन्तुष्ट एमाले कार्यकर्ता तान्न सके जित सुनिश्चित हुने रणनीति बनाएको बुझिन्छ।

## रास्वपा र युवा...

« पृष्ठ १ बाट क्रमशः

विश्लेषकहरू भन्छन्- रास्वपाले जति मत काट्छ, त्यसले मुख्य तीन दलमध्ये कसलाई बढी असर पार्छ भन्ने कुराले नै अन्तिम परिणाम निर्धारण गर्नसक्छ।

त्यस्तै, जनजीविका र पुराना सत्ताको आलोचना गर्दै प्रचारमा रहनुभएका रंगवीर परियारप्रति पनि केही मतदाता आकर्षित देखिएका छन्। यद्यपि, उनीहरूको मत प्रतिशत कति प्रभावकारी हुन्छ भन्ने स्पष्ट छैन।

## मतदाता संख्या र...

« पृष्ठ १ बाट क्रमशः

देखिएको उत्साहको कमीका कारण यसपटक मतदान प्रतिशत विगतभन्दा कम हुने अनुमान गरिएको छ। २०७९ मा करिब ७४ प्रतिशत मत खसेको थियो। कम मतदान भए परिणाममा अप्रत्याशित मोड आउनसक्ने देखिन्छ।

मुगुमा यसपटकको चुनाव परम्परागत द्वन्द्वभन्दा फरक स्वरूपमा देखिएको छ। गठबन्धन विघटन, दल एकीकरण, युवा शक्ति उदय र मत विभाजनका कारण परिणाम अनुमानभन्दा बाहिर जानसक्ने संकेतहरू देखिएका छन्। कांग्रेस र एमालेबीचको सधैंको प्रतिस्पर्धामा नेकपाको संगठित चुनौती र रास्वपाको मत प्रभावले मुगुको राजनीतिक समीकरणलाई नयाँ मोड दिने लगभग निश्चित छ। फागुन २१ पछि मुगुको राजनीतिक नक्सा कता मोडिन्छ- त्यो भने मतपेटिकाले नै तय गर्नेछ।

## निर्वाचनको तयारी...

« पृष्ठ १ बाट क्रमशः

आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदै छ। जसमा प्रतिनिधिसभातर्फ २७५ सिटमध्ये १६५ प्रत्यक्ष र ११० सिट समानुपातिक निर्वाचन प्रणालीबाट सांसदहरू चुनिनेछन्। निर्वाचनका लागि माघ ६ गते उम्मेदवारी मनोनयन दर्ता गरिएको थियो। निर्वाचनका लागि सोमबार औपचारिक रूपमा प्रचारप्रसार पनि सुरु भइसकेको छ। सोमबारदेखि दल तथा उम्मेदवारहरूले औपचारिक रूपमा जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था छ। फागुन १८ गते राति १२ बजेसम्म राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसार गर्न सक्नेछन्।

### आचारसंहिता उल्लंघनका ६६ उजुरी, ३२ वटाले पठाए स्पष्टीकरण

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म ६६ उजुरी प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ। त्यसमध्ये सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकामा ३२ वटाको जवाफ प्राप्त भएको छ। आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई स्पष्टीकरण सोधेको हो। दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगले जनाएको छ। जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिता उल्लंघनविरुद्ध उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ। निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ। छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रुपमा भइरहेको आयोगले जनाएको छ।

### निर्वाचनमा खटिने कर्मचारीलाई शतप्रतिशत सुविधा

प्रतिनिधिसभा सदस्य निर्वाचनमा खटिने कर्मचारीका लागि निर्वाचन आयोगले भत्तादेखि बीमासम्मका विभिन्न सुविधा व्यवस्था गरेको छ। आयोग, आयोग अन्तर्गतका ७७ जिल्ला कार्यालय तथा १६५ निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारीलाई सुरु तलब स्केलको शतप्रतिशतसम्म निर्वाचन सुविधा उपलब्ध गराइने आयोगले जनाएको छ। अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई खाजा, खाना खर्चसहित सुविधा दिइनेछ भने मतदान केन्द्र तथा सुरक्षा अनुगमनमा खटिने घुम्ती टोलीका कर्मचारीलाई दैनिक भत्ता प्रदान गरिने व्यवस्था छ।

आयोगका अनुसार दैनिक भत्ताअनुसार मतदान अधिकृतलाई दुई हजार पाँच सय रुपैयाँ, सहायक मतदान अधिकृतलाई दुई हजार रुपैयाँ, सहायक कर्मचारीलाई एक हजार ६ सय रुपैयाँ तथा सहयोगी कर्मचारी र स्वयंसेवकलाई जनही एक हजार दुई सय रुपैयाँ उपलब्ध गराइनेछ। निर्वाचनमा खटिने सबै कर्मचारीको जनही २० लाख रुपैयाँ बराबरको बीमा गरिएको आयोगले जनाएको छ।

### केन्द्रबाट थप १३ हजार प्रहरी खटाइँदै

प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षामा प्रहरी प्रधान कार्यालयले जिल्लाहरूमा थप प्रहरी परिचालन गर्ने भएको छ। फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा १० हजार ९६७ मतदान स्थलको सुरक्षामा केन्द्रबाट थप प्रहरी परिचालन गर्न लागिएको हो।

करिब १३ हजार प्रहरीलाई थप मद्धतको रूपमा परिचालन गर्न लागिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। कार्यायका अनुसार पहिलो चरणमा ४४ जना डिएसपी र ११० जना इन्स्पेक्टरलाई परिचालन गरिसकेको छ। थप एक सयजना डिएसपी र चार सय इन्स्पेक्टर परिचालन गर्नेगरी प्रहरी प्रहरी प्रधान कार्यालयले योजना बनाएको छ।

थप मद्धतको रूपमा खटिने प्रहरी अधिकृतहरू उपत्यका प्रहरी कार्यालय मातहतका गण, गुल्महरू र प्रहरी प्रधान कार्यालयबाट पठाइनेछन्। अति संवेदनशील मतदान स्थल धेरै भएका मधेसका जिल्ला र लुम्बिनी प्रदेशका जिल्लामा धेरै प्रहरी खटिनेछन्।

### सैनिक दिवसमा विदेशी सेनाको सहभागिता स्वाभाविक प्रक्रिया

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सैनिक दिवसका अवसरमा टुँडिखेलमा भएको विदेशी सैनिकहरूको प्रदर्शनलाई विश्वव्यापी परिपाटी र मित्रताको प्रतीकका रूपमा चित्रण गर्नुभएको छ। सोमबार निर्वाचनमा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूसँगको छलफलका क्रममा उहाँले विभिन्न देशका सैनिकहरूबीच हुने तालिम आदानप्रदान र मैत्रीपूर्ण प्रदर्शनलाई नकारात्मक रूपमा हेर्न नहुने बताउनुभयो। सैनिक दिवसको उपलक्ष्यमा अमेरिकी, बेलायती र भारतीय सैनिकका टुकडीहरूले आफ्नो कला प्रदर्शन गरेको भण्डारीले बताउनुभयो। सामाजिक सञ्जालमा केही व्यक्ति र राजनीतिक दलका नेताहरूले अमेरिकी सैनिकको नाचलाई लिएर सरकारको आलोचना गरिरहेका छन्।

## पशुपतिनाथ-वैद्यनाथधाम...

« पृष्ठ १ बाट क्रमशः

पशुपतिनाथ-वैद्यनाथ हाई-स्पिड करिडोर करिब २५० किलोमिटर लामो हुनेछ। काठमाडौंबाट सुरु भएर भीमनगर, वीरपुर हुँदै बिहारको सुपौल जिल्लामा प्रवेश गर्नेछ। त्यसपछि मधेपुरा, सहरसा, खगडिया, मुंगेर र बाँका जिल्ला हुँदै झारखण्डको देवघर जिल्लास्थित वैद्यनाथ धामसम्म पुग्ने बताउनुभएको छ।

उहाँले प्रस्तावित पशुपतिनाथ-सुपौल-वैद्यनाथधाम करिडोर सुल्तानगञ्ज-अगुवानीघाटमा गंगा नदीमाथि बनिरहेको पुल भएर गुज्रिनेछ, जसको निर्माण कार्य जारी भएको उल्लेख गर्नुभएको छ।

मन्त्री जैसवालले यस परियोजनाको मुख्य उद्देश्य नेपालको प्रसिद्ध पशुपतिनाथ मन्दिरलाई झारखण्डको वैद्यनाथधाम मन्दिरसँग प्रत्यक्ष रूपमा जोड्ने रहेको बताउनुभएको छ। प्रस्तावित एक्सप्रेस वेलाई रक्सौल-हल्दिया तथा दरभंगा-आमस एक्सप्रेस वेजस्ता अन्य प्रमुख सडक मार्गसँग पनि जोडिने उहाँले जानकारी दिनुभएको छ। यसले पूर्वी भारतमा सडक सम्पर्कको सशक्त सञ्जाल विकास गर्न मद्धत पुग्ने उहाँको भनाइ छ।

नेपालमा हरेक वर्ष लाखौं भारतीय पशुपतिनाथ मन्दिरको दर्शन गर्न आइपुग्छन्। यसमा बिहारको संख्या उल्लेख्य छ। यसैबीच, भारत-नेपाल सीमा सडक परियोजनाअन्तर्गत बिहारमा कुल ५५४.०८ किलोमिटर सडक निर्माण भइरहेको मन्त्री जैसवालले जानकारी दिनुभएको छ। यो सडक पश्चिमी चम्पारण, पूर्वी चम्पारण, सीतामढी, मधुबनी, सुपौल, अररिया र किशनगञ्ज गरी सात सीमावर्ती जिल्लाबाट हुँदै जानेछ। उक्त मार्ग पश्चिमी चम्पारणको मदनपुरबाट सुरु भई किशनगञ्ज जिल्लाको गलगलियामा समाप्त हुनेछ।

करिब सात महिना अगाडि बिहारका उपमुख्यमन्त्री सम्राट् चौधरीले केन्द्रीय सडक यातायात र राजमार्ग मन्त्री नितिन गडकरीसँग भेट गरी यो करिडोर प्रस्ताव गर्नुभएको थियो। श्रावणी मेला र काँवर यात्राका क्रममा ठूलो संख्यामा श्रद्धालुहरू सुल्तानगञ्जबाट जल लिएर पैदल बैजनाथधाम जान्छन्। कतिपय भारतीय तीर्थयात्रीहरू पशुपतिनाथ मन्दिर दर्शनका लागि पनि आउँछन्। यो करिडोर बनेपछि श्रद्धालुहरूका लागि सुरक्षित र सहज यात्रा सुनिश्चित हुने र धार्मिक पर्यटक बढ्ने विश्वास गरिएको छ। साथै यस करिडोरमा पैदल यात्रीका लागि विशेष 'सर्भिस रोड' समेत बनाउने योजना रहेको छ, जसले नांगो खुट्टा हिँड्ने श्रद्धालुहरूलाई राहत दिनेछ। यस परियोजनाले बिहार, नेपाल र झारखण्डबीचको धार्मिक पर्यटन मात्र नभई व्यापारिक र आर्थिक सम्बन्धलाई पनि नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ। भागलपुरका जिल्ला अधिकारी (डिएम) डा. नवल किशोर चौधरीका अनुसार यस परियोजनाको मार्गचित्र तयार भइसकेको छ। मन्त्रालयबाट विस्तृत प्रस्ताव प्राप्त हुनासाथ यसको कार्यान्वयन सुरु गरिने अधिकारीहरूले जनाएका छन्। डिएम चौधरीले यसबाट धार्मिक पर्यटन प्रवर्द्धन हुनुका साथै सांस्कृतिक आदान-प्रदानलाई पनि गति मिल्ने बताउनुभएको छ। करिडोर निर्माणसँगै बिहार र झारखण्डका विभिन्न जिल्लामा आर्थिक गतिविधि बढ्ने र क्षेत्रीय यातायात सम्पर्क सुदृढ हुने अपेक्षा गरिएको छ। (भारतीय सञ्चार माध्यमको सहयोगमा)


**Urban Development and Building Office**
**Rupandehi**

**Invitation for Sealed Quotation And NCB**

**Date of Publication: 2082/11/05 B.S. (17/02/2026 A.D.)**

1.0 Urban Development and Building Office, Rupandehi invites bids for the construction of following works under NCB/SQ Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid by electronic only with the requested documents within the mentioned period. For more information, please visit https://udborupandehi.lumbini.gov.np/

| S. N. | Contract ID No./Bid No./IFB No. | Work Description | Estimate Amount (without VAT & Contingency), NRs | Bid Security Amount, NRs | Bid Document Fee, NRs | Last Date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/RUP/WORKS/12/ NCB/82/83-43 | Lions Club Infront Basti Bikash ( Road Culvert Works), Butwal-2, Rupandehi | 2072907.70 | 60000 | 3000 | 2082/11/20 BS (04/03/2026 AD) For SQ and 2082/12/05 BS (19/03/2026 AD) For NCB upto 12:00 hours |
| 2 | UDBO/RUP/WORKS/14/ NCB/82/83-44 | Janajagaran Path Basti Bikash (Road Works), Butwal-11, Rupandehi | 8638300.38 | 245000 | 3000 | |
| 3 | UDBO/RUP/WORKS/12/ NCB/82/83-45 | Tharu Ujyalo Gaun Basti Bikash Sainamaina-2 Uchadihawa and Sainamaina-1 Chethari, Rupandehi. | 2417804.07 | 70000 | 3000 | |
| 4 | UDBO/RUP/WORKS/12/ NCB/82/83-46 | Prabhat Path to Siddhartha Highway Connecting Puspa Path Basti Bikash (Road works ), Tilottama-5, Rupandehi. | 4698150.36 | 135000 | 3000 | |
| 5 | UDBO/RUP/WORKS/12/ SQ/82/83-202 | Lotkhola Dhodhkhoka Urban Infastructure Development (Road Works) , Sandhikharka-10, Arghakhanchi. | 691106.55 | 20000 | 1000 | |
| 6 | UDBO/RUP/WORKS/12/ SQ/82/83-203 | Badi Basti Bikash (Road Works), Sandhikharka-02, Arghakhanchi. | 690499.00 | 20000 | 1000 | |
| 7 | UDBO/RUP/WORKS/14/ SQ/82/83-204 | Kotahimai Mandir Urban Infrastructure Development (Road Works), Tilottama-16, Rupandehi. | 691909.49 | 20000 | 1000 | |
| 8 | UDBO/RUP/WORKS/14/ SQ/82/83-205 | Mainahawa Village to East Nachu Home to Bhime Musahar house Blacktop (Road Works), Tilottama-10, Rupandehi. | 1037240.26 | 30000 | 1000 | |
| 9 | UDBO/RUP/WORKS/14/ SQ/82/83-206 | Kanchi bazar Manglapur to East Kanchi Bazar Main Road Mahima Serchan Thakali Home to Sarita K.C Home Urban Infrastructure Development (Road Works ), Tilottama-10, Rupandehi. | 692316.20 | 20000 | 1000 | |
| 10 | UDBO/RUP/WORKS/14/ SQ/82/83-207 | Late Shasidhar Kandel Urban Infastructure Development (Road Works), Tilottama-2, Rupandehi. | 691149.32 | 20000 | 1000 | |
| 11 | UDBO/RUP/WORKS/14/ SQ/82/83-208 | Boringmarga Road Construction Blacktop Works, Tilottama-16, Rupandehi. | 1037372.68 | 30000 | 1000 | |
| 12 | UDBO/RUP/WORKS/14/ SQ/82/83-209 | Semarahawa Community Park Construction Works, Rohini-4, Rupandehi. | 690343.14 | 20000 | 1000 | |

**Office Chief**

# इञ्जिनियरको गोली हानी हत्या

**प्रकाश मैनाली/सर्लाही ।** सर्लाहीको सदरमुकाम मलंगवामा अज्ञात समूहको गोली प्रहारबाट एक जना इञ्जिनियरको मृत्यु भएको छ। मलंगवा नगरपालिका-१० देविटोलमा डेरा गरी बस्दै आउनुभएका ३६ वर्षीय इञ्जिनियर प्रमोदकुमार यादवमाथि शुक्रबार राती करिब ८ बजेतिर गोली प्रहार गरिएको प्रहरीले जनाएको छ। पूर्वाधार विकास कार्यालय मलंगवामा कार्यरत तथा सिरहाको सुखीपुर नगरपालिका-६ बैशाखा घर हुनुभएका यादवलाई अज्ञात व्यक्तिले फोन गरेर डेराबाट बाहिर बोलाएको र त्यसपछि नजिकैबाट छातीमा गोली प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। गोली लागेर गम्भीर घाइते हुनुभएका यादवलाई तत्काल प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो। उपचारकै क्रममा चिकित्सकले उहाँलाई मृत घोषणा गरेका हुन्। सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाका अनुसार, घटनापछि मलंगवा क्षेत्रको चारैतर्फ नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको छ। नेपाल-भारत सीमा क्षेत्रमा पनि उच्च सतर्कता अपनाउँदै सुरक्षा व्यवस्था कडा पारिएको उहाँले बताउनुभयो।


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

धन बहादुर काउछाको नाति, जंग बहादुर काउछाको छोरा, गुल्मी जिल्ला, धुर्कोट गा.पा. वडा नं. ०३ हाडहाडे बस्ने, यस बैंकको तम्घास शाखा कार्यालयको खातावाला गन बहादुर काउछाको मिति २०८२/०७/२५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा यम बहादुर काउछा मगरले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

श्री मन बहादुर गुरुङको छोरी, नर बहादुर गुरुङको बुहारी, क.प.कुल बहादुर गुरुङको पत्नी तनहुँ जिल्ला, रुपाकोट गा.वि.स वडा नं. ७ भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, यस बैंकको बानियाटार शाखा कार्यालयको खातावाला रन माया गुरुङको मिति २०८२/०७/१२ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा सन्त बहादुर गुरुङले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पुरानो नैकाप शाखा, चन्द्रागिरी नगरपालिका, काठमाडौं
सम्पर्क फोन: + ९७७-०१-५१३०१६८

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री जनक बाहादुर कार्कीको नातिनि, लाल बाहादुर कार्कीको छोरी, बागमति प्रदेश काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ०५ हाल चन्द्रागिरी - १३ बस्ने ८० वर्षको श्रीमति जेठि भण्डारीको मिति २०८१/०९/१९ (ई.सं. ०३/०१/२०२५) मा मृत्यु भएकोले स्व. जेठि भण्डारीको छोरा हाल चन्द्रागिरी - १३ बस्ने श्री बद्री भण्डारीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पुरानो नैकाप शाखा, चन्द्रागिरी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence | The Banker Bank of the Year 2013 NEPAL | The Banker Bank of the Year 2007 NEPAL | ISO 9001 Certified Bank
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
हाटखोला शाखा, बिराटनगर महानगरपालिका, बिराटनगर
सम्पर्क फोन: + ०२१-४४२२३०

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री श्रीहर्क गौतमको नातिनी, षडानन्द गौतमको छोरी, कोशी प्रदेश मोरङ जिल्ला, बिराटनगर महानगरपालिका वडा नं. ०३ हाल बिराटनगर - ०३ बस्ने ७३ वर्षकी श्रीमती मैया देवी पाण्डेको मिति २०८२/०६/२७ (ई.सं. १३/१०/२०२५) मा मृत्यु भएकोले स्व. मैया देवी पाण्डेको छोरा हाल बिराटनगर - ०३ बस्ने श्रीमान हेमराज पाण्डले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको हाटखोला शाखा, बिराटनगर महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence | The Banker Bank of the Year 2013 NEPAL | The Banker Bank of the Year 2007 NEPAL | ISO 9001 Certified Bank
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

अमरगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२।११।०५

देहायको निर्माण कार्यको लागि दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अङ्क सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| सि. नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| 1. | AM/DDL/ WORKS/NCB/ 10-2082/083 | Construction of Pokhara Tiladi Shaileswori Sadak Ward No. 07 & 08, Dhakauli Sadak ward No 09, Nani Bhatgau Sadak Nirman 07, Amargadhi Municipality Dadeldhura | Manilekh & Sahasrling Nirman Sewa, Amargadhi Municipality 09, Dadeldhura | 29,20,597 |
| 2. | AM/DDL/ WORKS/ NCB/ 11-2082/083 | Municipality Office Maintenance work Amargadhi Municipality Ward No 05, Dadeldhura | MNT Engineering Consultancy & Institute Pvt.Ltd., Amargadhi Municipality 05, Dadeldhura | 15,81,658.10 |

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and sewerage Management
Water Supply and Sewerage Management Office
Pokhara

## Invitation for Bids (IFB)

Date of publication:2082/10/05

Water Supply and Sewerage Management Office Pokhara, Nepal invites electronic bids from eligible and qualified bidders for following work.

| S. N. | Contract No. | Description of Works | Bid Security amount, (NRs.) | Bid Document Fee, (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| 1 | IFB/10/082/083/ goods/wssmo/ pokhara | Supply and delivery of Submersible Pumps and accessories for Different Water Supply Projects | 4,60,000.00 | 3,000.00 | |

The detail notice can be accessed from www.bolpatra.gov.np/egp

Office Chief

Sunkoshi Rural Municipality
Office of Rural Municipal Executive
Ramtar, Sindhuli
Bagamati Province, Nepal

## NOTICE FOR INVITATION OF BIDS

Date of publication: 2082/11/05

1. **The Sunkoshi Rural Municipality, Sindhuli** invites electronic bids from eligible bidders for the Procurement of Works under bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract No. | Description of work | Bid Security Amount Nrs. | Last Date of Bid Submission | Cost of Bid-Document Nrs. | Estimated amount (with VAT and PS) |
|---|---|---|---|---|---|---|
| 1 | SUNRM/ NCB/ 12/082/083 | Seet Bhandar Grihama Thap Samrachana Nirman (Prasasanik Kaxya, Barbandej, Paleghar, Sauchalaye, Khanepani Aadi) works at Sunkoshi-05, Sindhuli | 1,20,000/- | 2082/12/05 12:00 Hours | 3000/- | 49,97,763.08/- |

2. Bidding Documents is available Online and can be downloaded from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Rastriya Banijaya Bank, Ratamata Branch, Sindhuli**
   **Name of Office: Sunkoshi Rural Municipality Office, Sindhuli**
   **Account no :- 1480100301010002**
   **Office Code no:- 801032508**
   **Revenue code no:- 14229**
3. The detailed information of the bid can be obtained from the Office of Rural Municipal Executive or studied respectively from www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Government of Nepal
Department of Roads
Road Safety and Traffic Section

## Invitation for Bids

**Invitation for Bids No: DOR/RSTS/04/082/83**

**Date of publication: 2082/11/05**

Department of Roads, Planning and Monitoring Branch, Road Safety and Traffic Section, Chakupat, Lalitpur invites electronic bids from Nepalese eligible bidders for the Following Contracts.

| S.N. | Contract Identification No. | Name of Works |
|---|---|---|
| 1 | DOR/RSTS/33701136/ 082/83-W03 | W-Beam steel Crash barrier installation works along Karnali Highway (NH58 & NH61) (Dahikhola-Khulalu-Manma-Nagma-Jumla Section of Kalikot & Jumla. |
| 2 | DOR/RSTS/33701136/ 082/83-W04 | Construction of steel footbridge stair extension at Koteshwor Ring Road, Kathmandu **Estimate Amount (including VAT and PS ), NRs: 56,46,308.01** |

1. **Department of Roads, Planning and Monitoring Branch, Road Safety and Traffic Section, Chakupat, Lalitpur has allocated funds from GoN** towards the budget head 33701136 (Intersection Improvement and Road Safety Works) **W- Beam steel Crash barrier installation works along Karnali Highway (NH58 & NH61) (Dahikhola-Khulalu-Manma-Nagma-Jumla Section of Kalikot & Jumla** and intends to apply part of the funds to cover eligible payments under the Contract **DOR/RSTS/33701136/082/83-W03** Bidding is open to all eligible as per Section V of bidding document.
   For Contract no. **DOR/RSTS/33701136/082/83-W03** only eligible bidders with the following key qualifications should participate in this bidding : Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 32.3 million**, Minimum Work experience of similar size and nature: **At least one (1) Contract with NRs. 8.62 million**, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Road Safety and Traffic Section, Chakupat, Lalitpur, Email address : rtunit@dor.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp**.
3. Bidders shall download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of NRS 5000/- for Contract no. **DOR/RSTS/33701136/082/83-W03** & NRs. 3000/- for Contract no. DOR/RSTS/33701136/082/83-W04 as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank**: **Name of the Bank:** Rastriya Banijya Bank, Singha Durbar , **Name of Office:** Road Safety and Traffic Section, **Office Code no. :** 337013520, **Account no.:** 1000100200010000, **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Pre-bid meeting shall be held at Road Safety and Traffic Section, Chakupat, Lalitpur at 11:30 hrs of 2082/11/25
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 2082/12/05. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs of 2082/12/05 at the office of **Road Safety and Traffic Section, Chakupat, Lalitpur**. Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 6,30,000.00** for Contract no. **DOR/RSTS/33701136/082/83-W03** & **NRs. 1,36,000**- for Contract no. **DOR/RSTS/33701136/082/83-W04** which shall be valid for 30 days beyond the validity period of the bid i.e **2083/03/32 BS (16th July 2026)** .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## हार्दिक श्रद्धाञ्जलि !!!

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।



जन्मः
सन् १९३७

स्वर्गारोहणः
सन् २०२६

### स्व. मीना आचार्य

महिला सुरक्षा दवाव समूहका सल्लाहकार एवं नेपालमा महिलाको आर्थिक सशक्तीकरण लैङ्गिक समानता र न्यायको निम्ति निरन्तर क्रियाशील, नेपालमा महिलाको अवस्था सम्बन्धी अनुसन्धानकर्ता, महिला अधिकारकर्मी तथा अर्थशास्त्री **डा. मीना आचार्य** को असामयिक निधनको समाचारले महिला सुरक्षा दवाव समुह परिवार स्तब्ध भएको छ । नेपाली महिलाहरुको हक, अधिकार र सशक्तीकरणको लागि महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व उहाँलाई हामी सधै सम्झिरहने छौं । यो दुखद् घडीमा उहाँको आत्माप्रति चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौ ।

अध्यक्ष
इरादा गौतम एवं
महिला सुरक्षा दवाव समूह परिवार

## सम्पादकीय

# पुरानो पुस्ताको उपान्त्य यात्रा

करिब असी वर्षयताको राजनीतिमा कुनै न कुनै रूपले योगदान दिनुभएका परिपक्व राजनीतिकर्मीहरू अब थोरै अवशिष्ट रहनुभएको छ। केही दिन पहिलेसम्म राजनीतिको धारबारे विमर्श गरिरहनु भएका विश्वबन्धु थापाको पार्थिव अवशान भयो। उहाँको पार्थिव अवशानलाई यो पुस्ताको उपान्त्य अवशानभन्दा उचित होला। करिब ९८ वर्षकै वयमा हुनुहुन्छ स्वतन्त्रता सेनानी, लोकतान्त्रिक योद्धा योगप्रसाद उपाध्याय। हामी उहाँको अझै स्वस्थ, प्रसन्न र दीर्घजीवनको कामना गर्दछौं।

विश्वबन्धु थापा समकालीन राजनीतिमा उदाएको, समकालीन राजनीतिलाई राम्ररी बुझेको तर समकालीन राजनीतिक परिवर्तनलाई पूर्णतः स्वीकार गर्न असमर्थ व्यक्तित्वको नाम मानिनुहुन्छ। राणाशासनको अन्त्यका लागि नेपाली कांग्रेसको नेतृत्वमा भएको सशस्त्र आन्दोलनको एक मुख्य योद्धा थापाले ०१७ बाट आफूलाई पृथक परिचयमा प्रस्तुत गर्नुभयो। नेपाली कांग्रेसको वैचारिक नायक बीपी कोइरालाको अत्यन्त निकट थापालाई राजा महेन्द्रले आफ्ना पक्षमा पारेको देख्दा बीपीमा कति पीडा भयो होला ? अनुमानमात्र गर्न सकिन्छ। राणाशासन अन्त्य गरी नवीन नेपालको निर्माणमा अनेक युवाहरूको श्रम, वय, योग्यता, अनुभव र कतिपयको त जीवन नै समर्पित भएको थियो। नवीन नेपालको अर्थ राज्य प्रणाली, शासकीय परिवर्तन र विकासका सन्दर्भमा बुझ्नुपर्ने हुन्छ। हुन त ००७ को परिवर्तनका योद्धाहरूको ठूलो पंक्तिले आफूलाई निरन्तर लोकतन्त्रका पक्षमा उपस्थित गराउन सकेन।

समयको चाप अर्कै थियो होला। कतिपय व्यक्तिहरूले आफ्ना निजी समस्याका कारण, कतिपयले महत्त्वाकांक्षाका कारण, कतिपयले निरन्तर जेलनेल यातनाको पीडाका कारण, कतिपयले आर्थिक समस्याका कारण उनीहरू लोकतान्त्रिक आन्दोलनमा टिक्न सकेनन् होला। त्यसरी नटिक्नेमध्येमा विश्वबन्धु थापा पनि पर्नुहुन्छ। तर लोकतन्त्रमा विश्वास गर्ने कतिपय मानिसहरूभन्दा उहाँ अब्बल राजनीतिकर्मी, विचारशील र शुद्ध आचरणको व्यक्तित्व भएर जीवनभर रहनुभयो। गतवर्ष यस्तै राजनीतिकर्मी अच्युतराज रेग्मीको पार्थिव अवशान भएको थियो भने कमलराज रेग्मी पनि त्यही कोटिमा पर्नु भएको विगत छ। नब्बे वर्ष पूरा भएर पनि राजनीतिको विश्लेषण गर्नु नयाँ सम्भावनाहरूको खोजिगर्नु, देश र जनताको चिन्ता गर्नु आफैंमा एक विशिष्ट गुण हो र योगदान पनि। विश्वबन्धु थापा आफ्नो ९८ वर्षको उमेरसम्म नै विचार विश्लेषण गरिरहनु भएको थियो। आफ्नो जीवनको अन्तिम समयसम्म राष्ट्रिय प्रजातन्त्र पार्टीमा आबद्ध भएर पार्टीलाई विचार प्रवाह गरिरहनु भएको थियो।

०१५ सालको पहिलो संसदीय निर्वाचनमा विजयी थापा प्रमुख सचेतक भएर कांग्रेसमा सक्रिय हुनुहुन्थ्यो। अत्यन्त स्पष्ट वाक्कला, तर्क, सचेतता आदिका कारण बीपीले उहाँलाई पत्याउनुभएको हुनुपर्छ। राजा महेन्द्रले ०१७ मा सेनाको सहयोगमा संविधान खारेजी, संसद् विघटन, सरकारमा बस्नेहरूलाई जेल, राजनीतिक दलमाथि प्रतिबन्ध र नेताहरूलाई गिरफ्तार गरेको घटना सामान्य थिएन। राजाले गरेको यो नागरिक अधिकार र लोकतन्त्रविरोधी कदमप्रति नेपाली कांग्रेसका चर्चित दुईजना नेताहरू डा.तुलसी गिरि र विश्वबन्धु थापाको सहयोग रहेको धेरैको विश्वास छ। त्यस समयको घटना र अवस्थाले समेत यसलाई पुष्टि गरिरहेका छन्। तर पनि चुरोमा प्रजातन्त्रको केही न केही गुण विश्वबन्धुमा रहेको पाइन्थ्यो।

विसं २०३६ सालमा विद्यार्थी आन्दोलनबाट उत्पन्न परिस्थितिका कारण राजा वीरेन्द्रले निर्दलीय पञ्चायतलाई सुधार गर्ने कि बहुदलीय शासन व्यवस्था रोज्ने भन्ने प्रश्नसहित जनमत संग्रहको घोषणा गर्नुभएपछि विश्वबन्धु बहुदलका पक्षमा उभिन पुग्नुभयो। उहाँसहित श्रीभद्र शर्मा, रवीन्द्रनाथ शर्माहरूले राजाबाट सिधै बहुदलको घोषणा गर्नुपर्ने माग गर्नुभएको थियो। उहाँहरूका विचारमा जनमतसंग्रहले समस्याको स्थायी समाधान नदिने, केही समयका लागि विवाद टुंग्याए पनि त्यो स्थायी नहुने र समस्या बल्झिने हुनाले राजा आफैंले बहुदलको घोषणा गर्नु उचित हुने तर्क गर्नुभएको थियो। यो संभव भएन र जनमत संग्रह भयो, निर्दल पक्षले जित्यो। तर उहाँहरूले भन्नु भएजस्तै समस्या यथावत् रहेपछि ०४६ मा आन्दोलनले निर्दलीय पञ्चायतको मौलो ढालेको हो। यदि ०३६ मा नै राजाले बहुदलीय पद्धतिको घोषणा गरेको भए नेपालको लोकतान्त्रिक पद्धति, लोकतान्त्रिक संस्कृति र विकासको राजमार्ग सही दिशातर्फ जानसक्ने थियो होला। किनभने त्यस समय बीपी कोइराला सक्रिय हुनुहुन्थ्यो, टंकप्रसाद आचार्यदेखि केआई सिंहसम्म सबै सक्रिय हुनुहुन्थ्यो।

कांग्रेसका मूर्धन्य नेताहरू सबैले लोकतान्त्रिक प्रक्रियामा आफ्नो पूर्वअनुभव अनुरूप योगदान गर्ने वातावरण बन्नसक्ने थियो। समय घर्केपछिको परिवर्तनमा पुराना नेताहरूले चाहेर पनि योगदान गर्न सक्नुभएन। पछिल्लो पुस्ताको गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा लोकतन्त्रको मार्ग सहज हुनसकेन। त्यसपछिका नेताहरूको त कुरा गर्नु नै अर्थहीन हुन्छ। बीचमा थोरै दिन कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र पछिल्लो चरणमा सुशील कोइरालाको नाम नेतृत्व चर्चाका सन्दर्भमा महत्त्वकासाथ लिनुपर्ने हुन्छ। अन्यथा अरू कोही पनि लोकतन्त्रको आचरण, मर्यादा र संस्कृतिलाई जीवन्त राख्न समर्थ भएको देखिएन।


०३६ सालमा विश्वबन्धु थापा गाउँफर्क राष्ट्रिय अभियानको अध्यक्ष हुनुहुन्थ्यो। जनमतसंग्रहको घोषणा भएको थियो, तैपनि पञ्चहरू कांग्रेस भनेपछि तर्सिने गर्थे। बीपी कोइराला जयबागेश्वरीस्थित तारिणीप्रसाद कोइरालाको घरमा बस्नुभएको अवस्था थियो। विजया दशमीको दिन थापा झण्डा हल्लाउँदै जयबागेश्वरी पुग्नु भयो र बीपीको हातको टीका लागउनुभयो। यो घटनाले निर्दलवादीहरूमा भयानक कम्पन पैदा भयो र उहाँको तीव्र विरोध सुरु भएपछि पदबाट राजीनामा दिनु भएर नेपाली कांग्रेसमा आबद्ध हुनुभयो। तर त्यहाँ पनि टिक्ने अवस्था भएन। पाल्पामा भएको कुनै कार्यक्रममा सहभागी हुनुभएका थापालाई नेपाली कांग्रेसका कार्यकर्ताहरूले हुटिङ गर्दै खेदेपछि उहाँ त्यसपछि कहिल्यै पनि कांग्रेसमा आबद्ध हुनुभएन।

०४६ पछिका दिनमा राष्ट्रिय प्रजातन्त्र पार्टीमा रहेर उहाँको योगदान रह्यो। यद्यपि थापा स्वयं गृहमन्त्री भएको समय ०१७ पुस २२ गते नै नेपालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लागेको थियो। जे भए पनि अनेक उतारचढाब भोग्दै, अस्थिरता र स्थायित्वका अनुभव बटुल्दै दीर्घजीवन बाँच्नुभएका विश्वबन्धु थापाको देहावशान भएको छ। दिवंगत थापाप्रति हार्दिक श्रद्धाञ्जलि।

### प्रतिनिधिसभा निर्वाचन-२०८२

# रास्वपा : रवि र बालेन क्रेज-३

**तीन वर्षको उनको कार्यकालमा सरकार प्रमुखलाई चुनौती दिए, संघीय सरकार बस्ने गरेको सिंहदरबार जलाउने धम्की दिए र पछिल्लो चरणमा आफू पराजित भए झापा नेपालबाट नै टुक्रने धम्की दिँदै झापा-५ मा उम्मेदबार हुनपुगेका छन्। बालेन नवीन पुस्ताका नायक थिए तर अब रहिरन्छन् भन्ने छैन। राजधानीको मेयर पदमा रहँदा काठमाडौंका जनताले तिरेको करको कति सम्मान भयो समयले बताउला नै। तर उनी कार्यालयमा पुग्दा उनका लागि अलग्गै लिफ्ट बन्यो।**



प्रा.पुरुषोत्तम दाहाल
प्रधानसम्पादक हिमालय टाइम्स

**नवयुवाहरूले भ्रष्टाचार र कुशासनविरुद्ध गरेको आन्दोलनको अपनत्व लिई घाइते तथा शहीद परिवारका मागहरूको यथोचित सम्बोधन गर्ने प्रतिबद्धता जनाउनेसहित सातबुँदा रहेको सहमति पत्र बालेन्द्र शाह र रास्वपाबीच भएको हुनाले भदौ २३ र २४ को घटना, त्यसको नेतृत्व, उद्देश्यबारे चर्चा-विचर्चा गरिहनु पदेन। ती घटनाबारे गठित कार्की आयोगका लागि पनि ती घटनाको पृष्ठमा को छ भनेर कारण खोतल्ने झन्झट भएन। ०२८ देखि ०३१ सम्मका सबै हिंसात्मक घटनाहरूको नैतिक जिम्मेदारी बीपी कोइरालाले लिनुभएको थियो। ०५२ पछिको दश वर्षे सशस्त्र हिंसाको आंशिक जिम्मेदारी पुष्पकमल दाहाल प्रचण्डले लिनुभएको थियो। अहिले ०८२ भदौ २३ र २४ को काण्डको स्वामित्व रवि र बालेनले ग्रहण गर्नुभएको हुनाले परिणाममाथि मात्रै विमर्श गर्नुपर्ने देखिन्छ।**

## (क) रवि र बालेनको लयसूत्र :

०७९ को जेठबाट राजनीतिक रूपले उदाएका आकर्षक व्यक्तित्वका धनी, रहस्यको पर्दामा बस्न रुचाउने, र्‍याप गीत-संगीतका पारखी, अध्ययनले सिभिल इन्जियरिङका विद्यार्थी, महोत्तरी मूल घर र काठमाडौंमा पिताजीले निर्माण गर्नुभएको निवासमा बस्दै रमाइरहेका बालेन्द्र शाह(सा) अत्यन्त नाटकीय रूपमा राजनीतिको मैदानमा कुद्दा धेरैलाई विश्वास नै थिएन राजधानीको यो महासागरमा भरखरको त्यो पनि तराईमधेसको केटाले बाजी जित्छ भनेर।

उससँग कुनै पार्टी थिएन र उसको कुनै विचार र सपना पनि प्रकट रूपमा देखिएको थिएन। नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीले ००७ सालदेखि नै प्रभाव पारेको र तिनै पार्टीका जोधाहा, घरानिया हस्तीलाई पराजित गर्नु सहज सामान्य थिएन। बालेनले राजधानिको मेयरमा विजयी हुनुपर्ने कुनै कारण थिएन तर एक्लै मैदानमा वर्चस्व स्थापित गरे। यो अत्यन्त प्रशंसनीय पक्ष थियो। विस्तारै उनले सफा काठमाडौंको अभियान सुरु गरेपछि उनी विवादमा आए। विकल्प विनानै सडकमा सानो व्यापारव्यवसाय गरी बसेका अत्यन्त विपन्न मानिसहरूको उठिवास लगाए, उनीहरूको स-सानो लगानी खरानी बनाए, कतिपय विधिविपरीत बनेका भन्ने नाममा मानिसहरूको लगानीलाई धुलोमा परिणत गरे, विकासका नाममा पुरना र अझै पन्ध्र-बीस वर्षसम्म चलाउनु नपर्ने इटका निकालेर सडकपेटी गज्जबका बनाए।

तीन वर्षको उनको कार्यकालमा सरकार प्रमुखलाई चुनौती दिए, संघीय सरकार बस्ने गरेको सिंहदरबार जलाउने धम्की दिए र पछिल्लो चरणमा आफू पराजित भए झापा नेपालबाट नै टुक्रने धम्की दिँदै झापा-५ मा उम्मेदबार हुनपुगेका छन्। बालेन नवीन पुस्ताका नायक थिए तर अब रहिरन्छन् भन्ने छैन। राजधानीको मेयर पदमा रहँदा काठमाडौंका जनताले तिरेको करको कति सम्मान भयो समयले बताउला नै। तर उनी कार्यालयमा पुग्दा उनका लागि अलग्गै लिफ्ट बन्यो।

अरू आमनागरिकले चढ्ने लिफ्टमा उनी चढ्दैनथे। आमनागरिकलाई पनि उनी ओहोरदोहोर गर्ने लिफ्बाट आवतजावत गर्न निषेध थियो। अहिले ६४ करोडभन्दा बढीको बेरुजु र ५२ लाख समानको सल्लाहकार यात्राखर्चबारे विवाद सुनिँदैछ। यी त सामान्य कुरा हुन्। तर बालेनका वरिपरि भदौ २३ र २४ को भयानक आतंकको छविछायाँ परिभ्रमण गरिरहेको देखिन्छ। रास्वपासँग गरेको द्विपक्षीय सम्झौतामा पनि दुवै पक्षले स्वीकार गरेका छन्।

## (ख) रहस्यमयी चरित्र र प्रश्नहरू :

राजधानीको मेयर रहेसम्म उनी संघीयताका घोरविरोधी थिए। रास्वपा पनि यसअघि संघीयताका विपक्षमा थियो। उसले ०७९ को निर्वाचनमा प्रदेश सभामा कुनै उम्मेदवार दिएको थिएन। तर अब यी दुवै पक्ष अकस्मात् संघीयता जोगाउने अभियानमा एकैपटक देखिएका छन्। उनी स्वतन्त्र थिए र दलका नेताहरू र दलप्रति उनको तीव्र घृणा वर्षेको सुनिरहन्थ्यौं। तर भदौ २३ र २४ को दुःखद्, रहस्यमय, अराजककाण्डको लगत्तै आफ्नो सुरक्षाछाताका रूपमा रास्वपामा संलग्न हुनपुगेका छन्। उनको रास्वपा प्रवेश जति रहस्यमय छ त्यो भन्दा बढी उनको चर्चा, आकर्षण रहस्यमय छ। उनको प्रवेशले रविको क्रेज छायाँमा परेको स्पष्ट देखिन्छ।

जेन-जी प्रकरणमा बालेनका विषयमा प्रशस्त चर्चा भएको छ। तैपनि केही प्रश्नहरू यहाँ गर्नुपर्ने हुन्छ। पहिलो २३ को आयोजनाको पछि उनको संलग्नता कुन हदसम्म थियो ? राजधानीका केही विद्यालयहरूका शिक्षक, व्यवस्थापनमा रहेकाहरूले साना-कलिला नानीहरूलाई पानीको भाँडो, छाता, बोक्न र ड्रेसमा नै जुलुसमा जाने उर्दी किन दिए ? विद्यालयमा सुधार गरेको दाबी गर्ने बालेनले अन्तर्राष्ट्रिय सिद्धान्तको बर्खिलाप गर्ने त्यस्ता विद्यालयहरूलाई कारबाही किन गरेनन् ? पानी बाँड्न पुगेका सुदन गुरुङसँगको बालेनको सम्बन्ध के छ ? नाटकीय रूपले १९ जना बच्चाहरूको जीवन समाप्त भएपछि र राजधानीसहित अनेक नेताहरूका घर, राष्ट्रका धरोहर सिंहदरबार, संसद् भवन, अदालत, मन्त्रालय, सुरक्षा निकाय खासगरी प्रहरी कार्यालय, प्रदेश भवनहरू, प्रदेश सचिवालय, पालिका र वडा कार्यालयहरूसहित खरानी हुनेगरी जलाइएपछि तिनकाप्रति राजधानीको मेयरको उपेक्षा हुनुको कारण के हो ?

लास र खरानीको थुप्रोमा बसेर अन्धकार कोठाबाट आदेश गर्दै संसद् विघटन, सरकार अपदस्त गरी नयाँ प्रधानमन्त्रीको प्रस्ताव, नयाँ प्रधानमन्त्रीलाई दबाब दिँदै आफ्ना भित्रियाहरूलाई मन्त्रिपरिषद्मा समावेश किन गरियो ? तिनै मन्त्रीहरू बालेनको रास्वपा सहभागिता पश्चात् सरकारबाट राजीनामा गर्दै रास्वपाकै टिकटमा उम्मेदवार बन्ने खेल किन निर्देशित भयो ? कसका कारणले ? बालेनको पृष्ठ शक्ति कुन हो ? नेपाली सञ्चारमाध्यमले अनुमाननै नगरेको अवस्थामा अकसमात् र नाटकीय रूपले नेपालको प्रधानमनत्री बालेन भने किन मिडिया ट्रायलबाट सन्देश गयो ? आगजनीले ध्वस्त भएको सरकारी भवन वा महानगरअन्तर्गतका भौतिक संरचनाप्रति एकशब्द बोल्ने आवश्यकता मेयरले किन देखेनन् ?

सर्वोच्च अदालत जल्दा, अदालतमा रहेका रविसम्बन्धी अभिलेखलाई बढी लक्षित आगलागी निभाउन मेयरले दमकल किन पठाएनन् ? र ललितपुरको मेयरले सहयोग गरे अदालतलाई ? आफ्नै भित्री खेलका कारण मरेका ती बालक, युवा र वृद्ध वा अन्यको स्मृति सम्मानमा एक शब्द बोल्ने र एकशब्द श्रद्धाञ्जलि दिन किन डराए ? कृतोपराधे स्वयमेव शंकते भनिन्छ, त्यस्तै भएको त होइन ?

> **प्रधानमन्त्रीको उम्मेदवार तोक्न आग्रह गर्नु वा दबाब दिनुले बालेनको राजनीतिक महत्वाकांक्षा र अहंकार स्पष्ट गर्छ कि गर्दैन ? यही अहंकारका कारण ७६ जनाको ज्यान गयो र राजधानीको भौतिक संरचना स्वाहा भयोभन्दा के फरक पर्छ ? महत्वपूर्ण प्रश्न : रास्वपासँग बालेनको सहमति अनुरूप भदौ २४ र २५ का घटनाको जिम्मेदारी लिएपछि क्षतिपूर्ति रास्वपा, बालेनजीले भरने कि राज्यको ढिकुटी प्रयोग गर्ने ? अनि जनता, कार्यकर्ता र साथीहरूलाई समेत अपमानित गर्दै हिँड्ने मानिस देशको प्रधानमन्त्री भएमा यो देश कस्तो होला ?**

## (ग) विवादास्पद पात्रहरूसँग सहकार्य :

राष्ट्रिय स्वतन्त्र पार्टीभित्र अनेक विवादास्पद चरित्र पात्रहरू छन्। विदेशी एनजीओ र आइएनजीओहरूको सहयोगमा चलेका नेताहरूको ठूलो पंक्ति छ। धार्मिक रूपले अत्यन्त सहिष्णु नेपालको जातीय र धार्मिक विभाजन र विवाद खडा गर्ने समाजमा घृणा फैलाउने गरी भइरहेका सांस्कृतिक अतिक्रमणका दाताहरूसँग बालेनको कस्तो सम्बन्ध हो ? रास्वपामा सेनाको संख्या कटौती गर्ने, वैदेशिक प्रभावलाई स्वीकार गर्नुपर्ने, राष्ट्रिय जनावर र बहुसंख्यक जनताको धार्मिक आस्थाको विषय गाई काट्न पाउनुपर्ने माग गर्नेहरूसँग बालेनको लय कसरी मिल्न पुगेको हो ? अनि झापाबाट आफू हारेमा झापा अलग हुने धम्कीको उद्देश्य के हो ?

झापा जिल्लालाई अलग पारेर कसैले नयाँ राज्य खडा गर्ने हो कि अर्को कुनै देशमा मिसिने हो ? यो भनाइको अर्थ कसरी लगाउने ? यो भनाइ यदि सत्य होइन भने लामो समयसम्म खण्डन नआउनुको कारण के हो ? राजधानीको महानगरका जनताको विश्वास भत्काएर यसरी बीचमा नै कुनै दलमा सोल हुनु र पदबाट राजीनामा दिँदै उम्मेदवार बन्न पुग्नु जनविश्वासमाथि घात भएको ठानिँदैन ? ( हुन त अन्यत्र कतिपय पालिका मेयर, उपमेयर, प्रमुख उपप्रमुखहरूले, प्रदेश सदस्यहरूले र वडाध्यक्षहरूले पनि राजीनामा दिएर भागेको देखिन्छ। तसर्थ यो प्रश्न बालेनसँग मात्रै हुँदैन।)

## (घ) राजनीतिमा आचरणको प्रश्न :

राजनीतिमा सिद्धान्त, आचरण र व्यवहार महत्त्वपूर्ण हुन्छन्। रास्वपाको सिद्धान्त अझै स्पष्ट छैन। नेताहरूको निजी आचरण र व्यवहारको मूल्यांकन हुनु आवश्यक छ। बालेन दाहोरो संवाद गरेको सुनिदेन, प्रेससँग सम्वाद गरेको प्रश्नोत्तरमा सहभागी भएको सुनिँदैन, आमनागरिकसँग पुग्दा राष्ट्रिय झण्डालाई समेत फालेको देखिन्छ र स्वागतमा आउनेहरूलाई घचेट्ने, अपमानित गर्ने काम निरन्तर छन्। गाडीबाट वा हवाईजहाजबाट घण्टी बजाउँदै ओर्लने तर एकशब्द केही नबोल्ने मौनव्रत राखेजस्तो यो व्यवहार राजनीतिको हुनसक्दैन।

अर्को अहं विषय के हो भने संसदीय व्यवस्था हो र कसले बहुमत ल्याउँछ वा बहुमत जुटाउनसक्छ त्यो नै प्रधानमन्त्री हुनसक्छ। तर अरू पुराना दलको नक्कल गर्दै प्रधानमन्त्रीको उम्मेदवार तोक्न आग्रह गर्नु वा दबाब दिनुले बालेनको राजनीतिक महत्त्वाकांक्षा र अहंकार स्पष्ट गर्छ कि गर्दैन ? यही अहंकारका कारण ७६ जनाको ज्यान गयो र राजधानीको भौतिक संरचना स्वाहा भयोभन्दा के फरक पर्छ ? महत्त्वपूर्ण प्रश्न : रास्वपासँग बालेनको सहमति अनुरूप भदौ २४ र २५ का घटनाको जिम्मेदारी लिएपछि क्षतिपूर्ति रास्वपा, बालेनजीले भरने कि राज्यको ढिकुटी प्रयोग गर्ने ? अनि जनता, कार्यकर्ता र साथीहरूलाई समेत अपमानित गर्दै हिंड्ने मानिस देशको प्रधानमन्त्री भएमा यो देश कस्तो होला ? र जनताले कसरी जीवन निर्वाह गर्लान् ?

## (ङ) बालेनको साहस र निर्णयको प्रसंशा :

यति प्रश्न गरेपछि म बालेनको साहस र रास्वपाको एउटा निर्णयको प्रशंसा गर्दछु। रास्वपाले नेपालको इतिहासमा पहिलो पटक कुनै तराईमधेसी समुदाय वा मूलको व्यक्तिलाई प्रधानमन्त्रीमा प्रस्तावित गरेको छ। त्यसमा पनि अनवरत नेपाल कम्युनिष्ट पार्टी एमालेको विर्ताजस्तै भएको क्षेत्र, पार्टीका अध्यक्ष र तीन पटकभन्दा बढी प्रधानमन्त्री हुनुभएका केपी ओलीसँग प्रतिस्पर्धा गर्ने निर्णय आफैंमा साहसपूर्ण मान्नुपर्छ। बालेनको यो साहस ०४८ मा सन्तनेता तत्कालमा लोकप्रिय प्रधानमन्त्रीलाई हराउने मदनकुमार भण्डारीमा अनुदित भयो भने केपी ओलीको विर्ता भत्कने सम्भावना रहन्छ।

बालेनलाई प्रधानमन्त्रीको प्रस्ताव गर्ने यस्तो रणनीतिक निर्णय गर्न जुन रूपमा, जसले सोचे पनि अत्यन्त सकारात्मक हो। अहिले झापादेखि कञ्चनपुरसम्म, डडेल्धुरादेखि ताप्लेजुङसम्म बालेनको सक्रियता, उपस्थिति र उनकाप्रतिको आकर्षणको मूल कारण मधेसी समुदायबाट इतिहासमा पहिलो पटक प्रधानमन्त्री प्रस्तावित हुनु हो। यसको रणनीतिकार वास्तवमा नै प्रशंसनीय छन्। तर बालेनको आकर्षणको वैशाखीमा सरकार बन्ने अवस्था आएमा २०५६ मा विजयी कृष्णप्रसादलाई दश महिना पनि टिक्न नदिएर कोइरालाले सत्ता लिएजस्तो भयो भने के हुन्छ ? र त्यसो हुँदैन भन्ने प्रत्याभूति कसैले दिनसक्दैन।

कांग्रेसका लागि २०७८ मा एउटा अवसर आएको थियो तराईमधेसबाट पार्टीको सभापति दिने तर बुद्धि पलाएन। अहिले पनि बदलिएको नामधारी कांग्रेसमा आफैं सभापति र आफैं प्रधानमन्त्रीको रहर प्रस्तावित छ। झापाबाट बालेन विजयी हुने सम्भावना भएमा यो पटक राष्ट्रिय राजनीतिको परिदृश्यनै फरक हुनेछ। अरू धेरै प्रश्न र प्रसंग भए पनि आज यत्ति। अर्को अंकमा नेपाली कांग्रेसबारे केही विश्लेषण।

# नवनिर्वाचित बिएनपीको भारत नीति

**हालै बंगलादेशको चुनावी नतिजाले बंगलादेशका बिएनपीले दुईतिहाइ बहुमत प्राप्त गरेर तारिक रहमानको नेतृत्वमा नयाँ सरकार बनाउने सन्देश प्रवाह गरेको छ भने नौवटा कट्टरपन्थी गठबन्धनबाट चुनाव लडेका जमाते इश्लामिक विपक्षी दलको रूपमा जनादेश प्राप्त गरेको छ।**



विपिन देव

७० को दशकमा विश्वभूगोलमा जन्मेका बंगलादेशलाई युवा देशको रूपमा चिनिन्छ। पाकिस्तानबाट विभाजित भएर निर्माण भएको बंगलादेश आर्थिक सार्मथ्यको हिसाबले पाकिस्तानभन्दा अब्बल रहेको छ। बंगलादेशको अर्थतन्त्रको आकार ४२ दशमलव ८ लाख करोड रहेको छ भने पाकिस्तानको अर्थतन्त्रको आकार ३६ दशमलव ९ लाख करोडमात्र रहेको छ। बंगलादेशमाथी विदेशी ऋण १५ लाख करोडको रहेको छ भने पाकिस्तान २५ लाख करोडको विदेश ऋणबाट चेपिएको छ। प्रतिव्यक्ति आयमा समेत बंगलादेश पाकिस्तानभन्दा अब्बल रहेको पाइन्छ।

पाकिस्तानबाट विभाजित भएर नयाँ राष्ट्र बंगलादेशको प्रगातिको यात्राको कारक तत्वहरूमध्ये लोकतान्त्रिक प्रयोग, सांस्कृतिक राष्ट्रवाद र भारतसँगको विशेष सम्बन्धलाई रेखांकित गर्न सकिन्छ। भौगोलिक बनोटका कारणले समेत बंगलादेश भारतीय अर्थव्यवस्थासँग जोडिएको छ। ४३६७ किलोमिटर भारत र बंलादेश जोडिएको छ। बंगलादेशको हरेक चुनावमा भारत पक्ष र भारतविरोध भाष्यले यथेष्ठ ठाउँ पाएको हुन्छ। भर्खरै बंगलादेशको चुनावी नतिजाले बंगलादेशका बिएनपीले दुईतिहाइका बहुमत प्रापत गरेर तारिक रहमानको नेतृत्वमा नयाँ सरकार बनाउने सन्देश प्रवाह गरेको छ भने नौवटा कट्टरपन्थी गठबन्धनबाट चुनाव लडेका जमाते इश्लामिक विपक्षी दलको रूपमा जनादेश प्राप्त गरेको छ।

बंगलादेशको राजनीतिमा दुईवटा मुख्य भाष्यहरू राजनीतिलाई परिचालित गरेको पाइन्छ। पहिलो भाष्यानुसार मुश्लिम र हिन्दु दुई पृथक धर्म भएका कारणले गर्दा सहअस्तित्वको आधारमा दुई समाजसँगै बस्न नसक्ने भाष्य रहेको छ। उक्त भाष्यका कारणले नै भारत विभाजन हुँदै पाकिस्तानको निर्माण भएको थियो। यस भाष्यको नेतृत्व जमाते इश्लामिक पार्टीलगायत अन्य कट्टरपन्थी शक्तिहरूले गर्दै आएका छन्। यही भाष्यको आधारमा हिन्दुहरूमाथि बारम्बार अत्यचार हुँदै आएको छ। शेख हसिनाको अपदस्तकालदेखि हालसम्म दुई हजार संघातिक हमलाहरू हिन्दुमाथि भएको कुरा शोधले पुष्टि गर्दछ। अर्को भाष्यको रूपमा ७० को भाष्य रहेको छ। उक्त भाष्य अनुसार धर्म र राजनीति पृथक भएकाले हुँदा पहिचान र समावेशीको हिसाबले राज्य सञ्चालन हुनुपर्ने आग्रह रहेको छ। तदनुरूप बंगलादेशका दुईवटा प्रमुख पार्टीहरू अगामी लिंग र बिएनपी बंगलादेशको राज्य सञ्चालनको अगुवाई लिँदै रहेका छन्।

वर्तमान बिएनपीको नेता तारिक रहमानका पिता जियाबुर रहमानले बंगलादेशको स्वतन्त्र संग्रामको सैन्य नेतृत्व लिएका थिए। त्यस्तै आगामी लिगका अध्यक्ष शेख हसिनाका पिता शेख मजहबुर रहमान बंगलादेशको स्वतन्त्रता संग्रामको राजनीतिक नेतृत्व गरेका थिए। आगामी लिग र बिएनपी बंगलादेशको स्वतन्त्रता संग्रामको गर्भबाट जन्मेका पार्टी भएकाले हँदा यी पार्टीहरूमा राष्ट्रियता, धमर्भनिरपेक्षता, समावेशिता र पहिचानसम्बन्धी मुद्दाको बोध रहेको छ। तर जमाते इश्लामिक पृथक पार्टी रहेको पाकिस्तानी खुपिया एजेन्सीबाट परिचालित रहेका उक्त पार्टी बंगलादेशको जन्मको विपक्षमा रहेको थियो। वर्तमान परिवेशमा राष्ट्रिय मूल प्रवाहमा समाहित भए तापनि जमाते इश्लामिकको राजनीतिक र आर्थिक दृष्टिकोण पृथक रहेको छ।

सरियत कानुन अनुसार राज्य सञ्चालन गर्नुपर्ने उक्त पार्टीको आग्रह रहेको छ। नारीशक्तिप्रति जमाते इश्लामिक पार्टी कठोर देखिएको छ। कामदार नारीहरूलाई वेश्याको उपाधि दिने जमाती इश्लामिक पार्टीको गत चुनावमा चर्को विरोध भएको थियो। राष्ट्रमा ५० प्रतिशत कामदारहरू नारीशक्ति भएका कारणले गर्दा जमाते इश्लामिक पार्टी प्रश्नको घेरामा रहेको थियो। कट्टरपन्थी भावनालाई जनजीवनमा प्रत्यारोपण गर्ने आग्रह रहेको कारणले सहरी जीवन र मध्यम वर्गीय समाजमा जमाते इश्लामिकको लोकप्रियता रहेको छैन। तारिक रहमानको अगामी दिनमा भारतसँगको सम्बन्ध व्यवस्थापन मुख्य चुनौतीको रूपमा छ। कच्चा पदार्थ, ऊर्जा, खाद्यान्नलगायत अन्य क्षेत्रमा भारतप्रतिको निर्भरताले गर्दा बंगलादेश र भारतबीच सघन सम्बन्धको टड्कारो आवश्यक्ता रहेको छ।

> **तारिक रहमानको अगामी दिनमा भारतसँगको सम्बन्ध व्यवस्थापन मुख्य चुनौतीको रूपमा रहेको छ। कच्चा पदार्थ, ऊर्जा, खाद्यान्नलगायत अन्य क्षेत्रमा भारतप्रतिको निर्भरताले गर्दा बंगलादेश र भारतबीच सघन सम्बन्धको टड्कारो आवश्यक्ता रहेको छ।**

शेख हसिनाको कार्य कालमा सीमासम्बन्धी समस्यालाई समाधान गर्नु गंगा सम्झौता गर्नु, थर्मलप्लान्ट स्थापना गर्नु, कनेक्टीभिटी बढाउनु, रेल मार्ग विस्तार गर्नुजस्ता अनेकौं गुरुयोजनाहरूले गर्दा बंगलादेशको अर्थतन्त्रले काचुली फेरेको थियो। शेख हसिनाको अपदस्तको साथै भारत बंगलादेश सम्बन्ध चिसिएको थियो। बंगलादेशका अन्तरिम सरकारका मुखिया डा.युनुसको पाकिस्तानसँग गठजोड हुनु, चीनमा डा.युनुसले भारतको उत्तर पूर्वी राज्यको बारेमा टिप्पणी गर्नु, शेख हसिनाको बंगलादेश फिर्ता गर्ने दबाब दिनु र बंगलादेशका अल्पसंख्यक हिन्दुहरूमाथि भएको हमलाप्रति सरकारको मौनता हुनुजस्ता कारक तत्वहरूले गर्दा भारत-बंगलादेश सम्बन्ध संकटको मोडमा रहेको थियो।

तारिक रहमानको १७ वर्षपश्चात् आगमनका साथै भारत-बंगलादेश सम्बन्धबीच सम्बन्ध व्यवस्थापन हुनसक्ने संकेत देखिएको थियो। तारिक रहमानका माता खालिदा जियाको अन्त्येष्टिमा भारतका परराष्ट्र मन्त्री डा.जयशंकरको सन्शरीर उपस्थित हुनु र बिएनपीको जितपश्चात नै मोदीको बधाई ज्ञापनले दुई देशबीच सम्बन्ध राम्रो हुनसक्ने जानकारहरूको विश्लेषण रहेको छ। वर्तमान परिवेशमा बंगलादेशमा बरोजगारी दर १३ प्रतिशत भन्दा अधिक छ। ऊर्जा संकट, कच्चा पर्दाथको अभाव र भारतसँगको कमजोर सम्बन्धले गर्दा बंगलादेशको टेक्सटायललगायत अन्यको व्यापारमा घटोत्तरी भएको पाइन्छ। बंगलादेशमा भइरहेको हिंसात्मक गतिविधिका कारणले गर्दा विदेशी लगानीमा भारी गिरावट देखिएको छ। वर्तमान परिवेशमा तारिक रहिमानको मुख्य चुनौती नै भारतसँगको सम्बन्ध व्यवस्थापन गर्नु हो।

प्रजातान्त्रिक मुलुक भएकाले गर्दा शेख हसिनालाई प्रत्यारण गर्न सम्भव देखिएको छैन। सन् १९५९ देखि नै दलाई लामा भारतमा निर्वासित जीवन बिताउँदै आएका छन्। चीनजस्ता शक्तिशाली मुलुकको दबाबमा समेत नपरेर भारतले प्रजातान्त्रिक मूल्य र मान्यता दलाई लामाको संरक्षण गर्दै आएका छन्। स्वयं तारिक रहमान नै बेलायतमा १७ वर्ष निर्वासित जीवन बिताएका छन्। प्रजातान्त्रिक पद्धति भएका मुलुकले राजनीतिक शरणार्थीलाई संरक्षण गर्नुपर्ने मान्यता रहेको पाइन्छ। वर्तमान परिवशेमा बंगलादेश सरकारको मुख्य चुनौती पुँजी निवेशको रहेको छ। पुँजी निवेशका लागि बंगलादेश भारतमाथि र्निभर रहेको छ।

पाकिस्तानी खुपिया एजेन्सीको प्रभावमा कट्टरपन्थीको नाममा हिंसात्मक गतिविधि बढेको खण्डमा बंगलादेशले खुलाअर्थतन्त्रको फाइदा लिनसक्ने सम्भावना कम देखिएको छ। मार्टीन लुथरको शैलीमा अभिव्यक्ति दिएमा तारिक रहमानले बंगलादेशमा रहेका एक करोड ३० लाख हिन्दुहरूको सुरक्षा प्रत्याभूत गर्नसक्ने घोषणासमेत गरेका छन्। बदलिँदो अवस्थामा बंगलादेश र भारतले आर्थिक सम्बन्धलाई धनिभूत रूपमा अगाडि बढाएको खण्डमा दक्षिण एसियाली मुलुकहरूका विकास र प्रगतिको सन्देश जानसक्ने सम्भावनालाई इनकार गर्न सकिँदैन।

# स्व.श्रीनारायण चापागाईंको बालन सार्वजनिक



इलाम/हिटा। स्वर्गीय श्रीनारायण उपाध्याय चापागाईंद्वारा रचना गरिएको 'बालन' सार्वजनिक गरिएको छ। श्रुति परम्परामा मात्र जीवित रहेको उक्त बालन २०१२ सालमा लेखक चापागाईंले रचना गर्नुभएको थियो। हाल पाण्डुलिपि भेटिएपछि उहाँका नाति कमलप्रसाद चापागाईंले यसलाई पुस्तकको रूपमा प्रकाशन गरिएको जानकारी दिनुभयो।

श्रीनारायणका काइँला छोरा कृष्णप्रसाद चापागाईंका अनुसार, स्व. चापागाईंले इलामको सिम्लेमा आफ्नै पहलमा पाठशाला सञ्चालन गरी पढाउन थाल्नुभएको थियो र आफ्ना शिष्यहरूलाई सिकाउन बालन रचना गर्नुभएको हो। 'श्रुति परम्परामा मात्र जीवित रहेको यो बालन लोकसाहित्य र लोकसंगीतको सुन्दर रूप हो। संरक्षण नभए लोप हुने खतरा बढ्ने भएकाले हामीले बुबाले लेखेको बालन प्रकाशन गरेका हौं', स्व.चापागाईंका कान्छा छोरा चन्द्र चापागाईंले भन्नुभयो। बालनको प्रकाशनले नेपाली लोकसाहित्य र संगीतको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको

### अनलाईन बोलपत्र (ई-टण्डर) आव्हानको सूचना ।

(सूचना प्रकाशित मिति : २०८२/११/०५)

यस प्रतिष्ठानलाई आवश्यक तपसिलमा उल्लेखित सामाग्री अनलाईन बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनीबाट अद्यावधिक फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.व. ०८१/०८२ को करचुक्ता प्रमाणपत्र, "कम्पनीहरूले कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि", घोषणा पत्र, बोलपत्र दस्तुर र बैंक जमानी पत्र (बिड बण्ड) को स्क्यान प्रतिहरू सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्वन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सम्पूर्ण कागजातहरू (Bid Document) सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्वन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०८२/१२/०५ गते (तदनुसार 19th March, 2026) दिनको १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ ई-बोलपत्र खोल्ने मिति र समय २०८२/१२/०५ दिनको २:०० बजे रहने छ ।

| सि.नं. | बोलपत्रको विवरण | फारम दस्तुर | बिडबण्ड रकम |
|---|---|---|---|
| १. | Supply of HS Pan Jasta including fitting Materials (IFB No.: BPKIHS/082/083/16) | रू. ३०००।- | रू. १,२५,०००।- |

## Invitation for Bids

**Chilime Seti Hydropower Company Limited**

**Chilime Tower 8th Floor, Dhumbarahi, Kathmandu. Tel.:+ 977 (01) 4370773, 4370793**

**(Notice Publication Date: February 17, 2026 (2082/11/05 B.S)**

Chilime Seti Hydropower Company Limited (CSHC) invites the electronic bid from Nepalese Eligible Bidders for the following purchase of Goods as mentioned in Column **"B"** of table below under **NCB** Procurement Method. Interested Bidders shall obtain further detailed information of bids from PPMO website ***https://bolpatra.gov.np/egp/*** with IFB No and Descriptions mentioned in the columns below.

| Sn. | IFB No: | Project Title | Procedure Category | Bid Bond Amount NRs. | Bid Doc Fee NRs. |
|---|---|---|---|---|---|
| | A | B | C | D | E |
| 1 | CSHC-2082/83-**EV-01** | Supply & Delivery of Electric Compact SUV | Goods / **1S2E** | **1,20,000** | **1,000** |

Any Provisions which are not mentioned in this notice will be consistent with prevailing Public Procurement Act (PPA) 2063, CHCL Financial and Administration Regulation (2074) and other prevailing Nepalese Rules.

**Government of Gandaki Province**
**Ministry of Industry and Tourism &**
**Ministry of Social Development, Youth and Sports**

## Office of Integrated Service

**Baglung**

### Invitation for Online Bids

**Second publication Date: 17th Feb 2026 (5 Phalgun 2082)**

1. Office of Integrated Service Baglung invites Electronic bids from eligible bidders for following works under National Competitive Bidding Procedure. Only eligible bidders should participate in the bidding.

| S. N. | Contract No. | Name of Contract | Bid Security Amount (Validity Period) | Bid Document fee | Bid submission Date and Time |
|---|---|---|---|---|---|
| 1 | EEGS/OIS/JS/NCB/01/2082-83/RE | Supply of Electronic items, Goods and structural work at janamat ma.bi. Balewa | 85000 (beyond 90 Days) | 3000 | **Last Submission Date:** 19-03-2026 12:00 **Bid Opening:** 19-03-2026 14:00 |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the of Office of Integrated Service, Baglung or may visit PPMO website. www.bolpatra.gov.np/egp
3. It the date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date. In such case validity period of bid security shall remain the same as specified for the orginal last date of bid submission.

**Office Chief**

# आदरणीय डा.मीना आचार्यप्रति हार्दिक श्रद्धाञ्जलि !!!

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।



जन्मः सन् १९३७

स्वर्गरोहणः सन् २०२६

## स्व. मीना आचार्य

तत्कालीन सोभियत संघमा अध्ययन गर्नेक्रममा धेरै नेपाली विद्यार्थीहरूकी अभिभावक, नेपालमा महिलाको आर्थिक सशक्तीकरण लैङ्गिक समानता र न्यायको निम्ति निरन्तर क्रियाशील, महिलाको अवस्था सम्बन्धी अनुसन्धानकर्ता, महिला अधिकारकर्मी तथा अर्थशास्त्री आदरणीय दिदी डा.मीना आचार्यको असामयिक निधनको समाचारले हामी स्तव्ध भएका छौं । नेपाली महिलाको हक, अधिकार र सशक्तीकरणको लागि महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व र हामी सबैको निरन्तर पारिवारिक अभिभावक उहाँलाई हामी सधै सम्झिरहने छौं । यो दुखद् घडीमा स्वर्गीय मीना दिदीको आत्मालाई चिरशान्ति प्राप्त होस् भन्ने कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि प्रकट गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन्, हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गणेश शाह**
**एवम्**
**कल्याणी शाह**
**मध्यबानेश्वर, काठमाडौं**
**मिति २०८२।११।५**

## शिवसताक्षी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**ब्याङ्गडाँडा, झापा**
**कोशी प्रदेश, नेपाल**

### कनकाई तथा कमल खोलाको माटो, भरौट र बलौट संकलन तथा बिक्री सम्बन्धी ठेक्का आह्वानको सूचना

**तेस्रो पटक प्रकाशन मिति २०८२/११/०५**

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक भ्याट समेत | बोलपत्र फारम दस्तुर | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | SM/IR/07 082/083 | कन्काई खोला, सन्थाल टोल पूर्व, शिवसताक्षी ०५ | रु २०,५१,४८५।०८ | रु ३०००।० | २०८२/११/२० दिनको १२:०० बजे भित्र | २०८२/११/२० दिनको १४:०० बजे भित्र | न्यूनतम कबोल अंकको (भ्याट बाहेक) ३ प्रतिशत |
| २ | SM/IR/08 082/083 | कमल खोला, माझी गाउ, शिवसताक्षी ०१ | रु ७,३३,२४८।०० | रु १०००।० | | | |
| ३ | SM/IR/09 082/083 | कमल खोला, पाराबारी, शिवसताक्षी ०३ | रु १२,८५,१९५।०० | रु १०००।० | | | |

थप जानकारीको लागि शिवसताक्षी नगरपालिकाको कार्यालय, ब्याङ्डाडा झापा सम्पर्क न ०२३-४७०३२२ गर्न वा **www.shivasatakshimun.gov.np** र **www.bolpatara.gov.np** मा हेर्न सकिनेछ ।

**नि प्रमुख प्रशासकीय अधिकृत**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**

## Project Office of Urban Development and Building Construction

**Jhapa, Bhadrapur**

### Invitation for E-Bid

**First Date of Publication: 2082/11/05 (17 Feb., 2026)**

**IFB NO.: 16/PUDBC/Jhapa/2082-83**

**Project Office of Urban Development and Building Construction (PUDBC) Jhapa, Bhadrapur** invites E-Bid from eligible bidders for following works under National Competitive Bidding. All other information and Bid documents can be downloaded from the PPMO'S website **www.bolpatra.gov.np/egp**. Eligible bidders are requested to submit **E-Bid** with the required documents within the period mentioned in E-bid document. The bid Submission deadline shall be **2082/12/05 (2026/03/19) 12:00 hrs.**

| S.N. | Contract No. | Descriptions of Works | Estimated Amount (Excluding VAT and Contingency) | Bid Security NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|
| 1. | PUDBC/Jhapa/Work/NCB/37/082-83 | Construction of Road with drain from Purbeli Tole – Himali School at Bhadrapur Municipality-01, Jhapa | Single Stage Double Envelope | 7,00,000/- | 5,000/- |
| 2. | PUDBC/Jhapa/Work/NCB/38/082-83 | Building and Infrastructure Development Works in Gaurigunj Multiple Campus, Gaurigunj, Jhapa | Single Stage Double Envelope | 7,00,000/- | 5,000/- |
| 3. | PUDBC/Jhapa/Work/NCB/39/082-83 | Arunodaya School Building Construction Works, Gaudadha, Jhapa | Single Stage Double Envelope | 7,00,000/- | 5,000/- |
| 4. | PUDBC/Jhapa/Work/NCB/40/082-83 | Construction of Play Ground and Building at Damon Janjyoti Ma.Vi. Gaudadah-06, Jhapa | Single Stage Double Envelope | 7,00,000/- | 5,000/- |
| 5. | PUDBC/Jhapa/Work/NCB/41/082-83 | Construction Works at Janta Ma.Vi. Gaudadah-01, Jhapa | Single Stage Double Envelope | 7,00,000/- | 5,000/- |
| 6. | PUDBC/Jhapa/Work/NCB/42/082-83 | Infrastructure Upgradation Works of Sarswati Ma.Vi. Kamal-07, Jhapa | Single Stage Double Envelope | 7,00,000/- | 5,000/- |

**Project Chief**

## मोदी गाँउपालिका

### गाँउ कार्यपालिकाको कार्यालय

**पातिचौर,पर्वत**
**गण्डकी प्रदेश,नेपाल**

### ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आवाह्नको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति २०८२/११/०५ गते**

मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (५) वमोजिम चालु आ.व. २०८२/८३ का लागि तपशिल बमोजिमका नदिजन्य पदार्थ दुङ्गा, वालुवा, गिट्टी, रोडाको आय सङ्कलन ठेक्काको माध्यमवाट गर्नुपर्ने भएकोले ठेक्कापट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपसिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयमा बोलपत्र फारम खरिद बापत तोकिएको रकम (फिर्ता नहुने गरी) यस मोदी गाउँपालिकाको आन्तरिक राजस्व खाता नं ३२६०३०००००१००१००००००१ मा जम्मा गरि बोलपत्र फारम यस कार्यालयवाट खरिद गरि मु.अ. कर सहितको कूल कबोल रकमको ५ प्रतिशत (पाँच प्रतिशत) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड मोदी शाखामा रहेको खाता ३२६०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैङ्क वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बैङ्क ग्यारेन्टी संलग्न राखी बोलपत्र पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| ठेक्का नं | वडा नं. | बगरको नाम | उत्खनन् हुने अधिकतम परिमाण, घ.मी. | न्यूनतम रकम (मु.अ.कर वाहेक) रु. | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 01/Aaya/MRM/(2082-083)-Re | ६ | रतिखोला (सिम्ले ताल) | ९५०४।०० | ३०,१८,३५६।०५ | ३,०००।०० | २०८२/११/२४ समय: ५:०० बजे सम्म | २०८२/११/२५ समय: १२:०० बजे सम्म |

**शर्त तथा बन्देजहरु :**

१. खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिति र समय भित्र आवश्यक कागजातहरु फर्म दर्ता प्रमाण पत्र प्रतिलिपि, ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको ईजाजत पत्रको फोटोकपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि आ.व. ०८१/०८२ सम्म वा म्याद थपको प्रमाण पत्र सहित खामबन्दी गरि यस कार्यालयमा बोलपत्र पेश गर्न सकिने छ। दर्ता हुन आएका बोलपत्रहरु सूचना प्रकाशन भएको मितीले २१ औ दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व कबोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्नेछ। ५० प्रतिशत रकमको हकमा कार्य सम्पादन जमानत उपलब्ध गराउन मान्यता प्राप्त, वाणिज्य बैंक तथा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको २०८३ असार मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने छ। उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०८२ चैत मसान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ।

३. यस सूचना अनुरुप नदिजन्य पदार्थको कर तथा बिक्रि शुल्क, रतिखोलामा मिती २०८३ जेष्ठ ३० गते सम्म उठाउन पाईने छ।

४. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरि निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।

५. बोलपत्रका सम्वन्धमा थप केही बुझ्न परेमा कार्यालय समयमा राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै विस्तृत विवरण बोलपत्र फारम साथ उपलब्ध गराइनेछ।

६. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पालना गर्नुपर्ने शर्तहरु जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक वाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा,वालुवा,गिट्टी,रोडाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछ। नियमको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

७. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ।

८. बोलपत्र पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ। कार्यालयले आवश्यक ठानेमा जुनसुकै चरणमा पनि आंशिक वा पुरै बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ। यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

बित्थडचिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझांग
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति: २०८२/११/04)

यस कार्यालय बाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन् आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ एबम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।


तपशिल

| सि. नं. | बोलपत्रको नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर सहित ) |
|---|---|---|---|---|
| 1 | 03/BCRM/CW/2082/83 | Ward Office Building Construction Work Ward 4 | श्री कालिका कन्स्ट्रक्सन, बित्थडचिर-०४, बभाङ | रु ३३,००,०३२।६२ |
| 2 | 04/BCRM/CW/2082/83 | Ward Office Building Construction Work Ward 3 | श्री कालिका कन्स्ट्रक्सन, बित्थडचिर-०४, बभाङ | रु २९,८०,५३७५८ |

प्रमुख प्रशासकीय अधिकृत


# बक्स अफिसमा ‘आ बाट आमा’ अगाडि

हिमालय टाइम्स
काठमाडौं, ४ फागुन




चलचित्र विकास बोर्डले माघ महिनामा प्रदर्शनमा आएका तीन नेपाली फिल्म ‘आ बाट आमा’, ‘कुमारी’ र ‘रमिताको पिरती’को आधिकारिक बक्स अफिस तथ्यांक सार्वजनिक गरेको छ । सार्वजनिक तथ्यांकअनुसार ‘आ बाट आमा’ कमाइका हिसाबले उल्लेख्य अग्रतामा देखिएको छ । बोर्डका अनुसार ‘आ बाट आमा’ले फागुन २ गते शनिबारसम्म तीन लाख १० हजार ३२३ वटा टिकट बिक्रीबापत आठ करोड ३१ लाख ८७ हजार ७८९ रुपैयाँ ग्रस कमाइ गरेको छ । प्रदर्शनको १६ दिनमै आठ करोडको आँकडा पार गरेको यो फिल्मले आइतबारसम्म नौ करोडभन्दा बढीको व्यापार गरिसकेको जनाइएको छ ।

यस वर्षको सफल फिल्मको सूचीमा परिसकेको ‘आ बाट आमा’ करिब दुई करोड रुपैयाँ लगानीमा निर्माण भएको हो । प्रचार खर्चसहित लगानी उठाउन करिब साढे ६ करोड रुपैयाँ व्यापार आवश्यक रहेकामा दोस्रो विकेन्डमै उक्त लक्ष्य पूरा गरेको थियो । निरन्तर उच्च अकुपेन्सीका कारण चलचित्र सुपरहिटको सूचीमा पुगेको विश्लेषण गरिएको छ ।

तेस्रो सातामा पनि यस चलचित्रको व्यापारिक रफ्तार कायम छ । आइतबारमात्रै ६४ लाख ४५ हजार रुपैयाँ ग्रस कमाइ गरेको यस चलचित्रले शनिबार करिब एक करोड रुपैयाँ आसपास व्यापार गरेको थियो । सोमबार देशव्यापी अकुपेन्सी ५० प्रतिशत भन्दामाथि रहेकाले मंगलबारसम्म १० करोड रुपैयाँको आँकडा पार गर्ने सम्भावना देखिएको छ ।

यता, ‘कुमारी’ र ‘रमिताको पिरती’ भने व्यापारमा पछि परेका छन् । ‘कुमारी’ले प्रदर्शनको नौ दिनमा १७ हजार २९ टिकट बिक्री गर्दै ५६ लाख २११ रुपैयाँ ग्रस व्यापार गरेको छ । ‘रमिताको पिरती’ले भने १९ लाख ४३ हजार ५८८ रुपैयाँमात्र कमाइ गरेको बोर्डले जनाएको छ । माघ महिनामा प्रदर्शनमा आएका चलचित्रमध्ये ‘आ बाट आमा’ले दर्शकको उल्लेख्य साथ पाउँदा अन्य दुई चलचित्रले अपेक्षानुसार व्यापार गर्न नसकेको देखिएको छ ।


Mandandeupur Municipality
Office of Municipal Executive
Mahadevsthan, Kavre
Bagamati Province, Nepal

**INVITATION FOR ONLINE BIDS**

(Date of Publication: 17th Feb 2026)

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S/N | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount (Nrs.) | Cost Estimate (Including PS & Excluding Vat) |
|---|---|---|---|---|---|---|---|
| 1 | Antarpaalika sajhedarima nagarkotma sunrise view park nirman tathathulichaur view tower chhetrama chhahari ra shauchalaya nirman | 48/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.87500.00 | Nrs.2992480.40 |
| 2 | Girdhare churithumka Kholsi culvert Nirman | 49/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.88000.00 | Nrs.2955897.91 |
| 3 | Bayarbot Padherogairo Pancharamey Sadak | 50/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.38000.00 | Nrs.1270346.44 |
| 4 | Wada no 3 ko bibhinna sadak haru | 51/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.33000.00 | Nrs.1107296.95 |
| 5 | Simkhet Singhe Chitte Meshagaun Sadakko Chittekhola Culvert Nirman Ward No. 2 Ra 4 | 52/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.88000.00 | Nrs.2990921.37 |
| 6 | NAGARPALIKA SANGKO SAJHEDARIMA WADA KARYALAY BHAWAN NIRMAN | 53/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.85000.00 | Nrs.2857224.09 |
| 7 | WADA NO 6 KA BIBHINNA YOJNAHARU PART-3 | 54/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.92500.00 | Nrs.3188304.00 |
| 8 | Sarwajhang Khanepani Yojana wada no-4 | 55/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.162500.00 | Nrs.5538899.80 |
| 9 | WARD NO. 5 KA BIBHINNA YOJANAHARU PHASE-3 | 56/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.25000.00 | Nrs.833033.62 |
| 10 | Wada Karyalay Bhawan Nirmaan-12 | 57/WORKS/NCB/MDM/082/83 | 19/03/2026 12:00 hrs. | 19/03/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.177000.00 | Nrs.6021614.83 |

Chief Administrative Officer


# नयाँ वर्षमा ‘पहाड’

हिमालय टाइम्स
काठमाडौं, ४ फागुन



चलचित्र ‘पहाड’ वैशाख १ गतेदेखि प्रदर्शनमा आउने भएको छ । निर्देशक तुलसी घिमिरेको निर्देशन रहेको यो चलचित्रमा युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसको सामाजिक तथा आर्थिक प्रभाव मुख्य विषय रहेको छ । चलचित्रमा निर्देशक घिमिरेले नयाँ र पुरानो पुस्तासँगको सहकार्य गर्नुभएको छ । ओजस्वी केसीले निर्माण गरेको चलचित्रलाई प्रमोद प्रधानले छायांकन गर्नुभएको हो ।

चलचित्रमा मदनकृष्ण श्रेष्ठ, विपीन कार्की, सुनील थापा, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँलगायत कलाकारले अभिनय छ । निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीका रूपमा दर्शकसामु ल्याउँदै हुनुहुन्छ । चलचित्रमा रञ्जित गजमेरले संगीत दिनुभएको छ ।


**पेन्सनपट्टा हरायो**

मिति २०८२/०९/११ गते धुलिखेलबाट बनेपा जानेक्रममा मेरो निम्न विवरण रहेको पेन्सनपट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिन होला ।

नाम : राम बहादुर तामाङ्ग
वतन : धुलिखेल, काभ्रेपलाञ्चोक
युनिट : श्री दि फेमस महिन्द्रदल गण
दर्ता नं. : २५८३
अधिकार पत्रको क.का.नं.: ६२२१
सिलसिलेवार नं. (पट्टा नं.) : ५३३४८६

**काठ दाउरा लिलाम बिक्रीको सूचना**

सूचना प्रकाशित मिति : २०८२/११/०५

यस सा.व.उ.स.को आ.व. २०८१/०८२ मा उत्पादन भएको साल गोलिया १६९ थानको १७५६.५० क्यू.फि. काठ दाउरा लिलाम बिक्री गर्नु पर्ने भएकोले २१ दिने सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत विवरण सा.व.उ.स. को कार्यालयबाट लिन हुन सूचित गरिन्छ ।

श्री जनजागरण सा.व.उ.स., क.न.पा.- १४, सिन्धुली

**काठ दाउरा लिलाम बिक्रीको सूचना**

सूचना प्रकाशित मिति : २०८२/११/०५

यस सा.व.उ.स.को आ.व. २०८२/०८३ मा उत्पादन भएको साल गोलिया ३२३ थानको ३६२८.१४ क्यू.फि. काठ दाउरा लिलाम बिक्री गर्नु पर्ने भएकोले २१ दिने सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत विवरण सा.व.उ.स. को कार्यालयबाट लिन हुन सूचित गरिन्छ ।

श्री पाँचकन्या सा.व.उ.स., दुधौली- १३, सिन्धुली

**काठ दाउरा लिलाम बिक्रीको सूचना**

सूचना प्रकाशित मिति : २०८२/११/०५

यस सा.व.उ.स.को आ.व. २०८२/०८३ मा उत्पादन भएको साल गोलिया २४७ थानको ३११७.५९ क्यू.फि. काठ दाउरा लिलाम बिक्री गर्नु पर्ने भएकोले २१ दिने सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत विवरण सा.व.उ.स. को कार्यालयबाट लिन हुन सूचित गरिन्छ ।

श्री पाटनदेवी सा.व.उ.स., दुधौली- १४, सिन्धुली



Shuddhodhan Rural Municipality
Office of the Rural Municipal Executive
Labani, Kapilvastu

**Invitation of Bid**

Date of Publication : 2082/11/05

1. Shuddhodhan Rural Municipality, Office of the Rural Municipal Executive invites E-Bids from eligible and qualified bidders for the following construction works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 02/SRM/ROAD/NCB/2082-083 | Construction of Blacktopped Road including necessary structure at Bargadawa. | 90/120 days | 1,75,000.00 | 3000.00 | 2082/12/05 till 12:00 Hrs | 2082/12/05 at 13:00 Hrs |
| 2. | 03/SRM/BUILDING/NCB/2082-083 | Construction of 4 room 2 storey school building at Sat Kumari Serchan ma. Vi. | 90/120 days | 1,55,000.00 | 3000.00 | 2082/12/05 till 12:00 Hrs | 2082/12/05 at 13:00 Hrs |

2. Information to deposit the cost of Bidding document and bid bond in the bank:

| Office Name | Shuddhodhan Rural Municipality, Labani Kapilvastu | |
|---|---|---|
| Rajaswa Khata No. | 06300257CA | Prime Commercial Bank, Labani, Kapilvastu |
| Dharauti Khata No. | 06300272CA | |

3. Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website **http://www.bolpatra.gov.np/egp** (online) only.
4. Pre-bid meeting shall be held at Shuddhodhan Rural Municipality, Labani, Kapilvastu, Date: 2082/11/25, Time: 13:00 hrs
5. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese laws.
6. Shuddhodhan Rural Municipality reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
7. If last date of purchasing and/or submission falls on government holiday, then next working day shall be considered as the last date.
8. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer



गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

**अन्तरिक आय ठेक्का सम्झौता गर्न आउने १५ दिने सूचना**

सूचना प्रकाशित मिति -२०८२/११/०५

यस नगरपालिकाको आ.व २०८२/८३ अन्तरिक आय सम्बन्धि ठेक्का नं. GOMUN/NCB/RE/082–83/03 (Gokarneshwor Nagarpalika ko kabaddi Kar Sankalan Sambandhi Thekka) को सम्बन्धमा, यस गोकर्णेश्वर नगरकार्यपालिकाको मिति २०८२/०९/३० गतेको निर्णयानुसार यस नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधी २०७५ को नियम ५(३) बमोजिम बोलपत्रदाता/डाकबाला श्री Darpan Business Concern Municipality–05 Lalitpur को कबोल रकम रू. ४,८०,२५,०००।- (भ्याटसहित) लाई सम्झौताको लागि पत्राचार गर्ने निर्णय भए बमोजिम आन्तरिक आय संकलन कार्यविधी २०७५ को नियम ५(२) अनुसार तपसिल बमोजिमको कागजातसहित आजकै मितिबाट लागु हुने गरि १५ दिनभित्र कुल कबोल रकमको ४०% (रकम रु १,९२,१०,०००- (अक्षरुपी एक करोड बयानब्बे लाख दस हजार मात्र) यस नगरपालिकाको अन्तरिक राजश्व खाता नं ०२१०८०११४६१५६१९९ मा जम्मा गरी सो को सक्कल भौचर र कबोल रकमको ६०% (रकम रु २,८८,१५,०००/- (अक्षरुपी दुइ करोड अठासी लाख पन्ध्र हजार मात्र) यस कार्यालयको कृषि विकास बैंक जोरपाटी शाखामा रहेको धरौटी खाता नं ०२१०८०११४६१५६०८३ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त ‘क’ वर्गको बैकबाट जारी गरिएको मिति २०८३/०४/३० सम्म मान्य हुने सक्कलै कार्य सम्पादन जमानत सहित यस कार्यालयमा सम्झौताका लागि सम्पर्क गर्नुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ । साथै सो अवधि भित्र उल्लेखित कागजातसहित सम्पर्कमा नआएमा कानुन अनुसार भै जाने व्यहोरा अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

# जितविहीन नेपालका लागि आज प्रतिष्ठाको लडाइँ



**हिमालय टाइम्स**

काठमाडौं, ४ फागुन

आइसिसी टी-२० विश्वकपअन्तर्गत नेपालले आज (मंगलबार) समूह चरणको अन्तिम खेल खेल्दैछ। समूह चरणबाटै बाहिरिसकेको नेपाल सान्त्वना जितको खोजीमा स्कटल्याण्डसँग भिड्न लागेको हो। दुई देशबीचको खेल मुम्बईस्थित वानखेडे स्टेडियममा साँझ सवा ७ बजे सुरु हुनेछ। जितविहीन रहेको नेपालका लागि यो खेल प्रतिष्ठाको लडाइँ हुनेछ। सुपर आठको लक्ष्यसहित प्रतियोगितामा उत्रिएको नेपाली राष्ट्रिय क्रिकेट टोली यसअघि लगातार तीन खेलमा पराजित हुँदै एक खेलअगावै विश्वकपबाट बाहिरिसकेको छ। तेस्रो खेलमा वेष्ट इण्डिजसँग ९ विकेटले पराजित भएपछि नेपालको सुपर आठ यात्रा औपचारिक रूपमा टुंगिएको हो।

यस संस्करणमा नेपाललाई सुपर आठमा स्थान बनाउने राम्रो अवसर देखिएको थियो। विशेषगरी पहिलो खेलमा इंग्ल्याण्डविरुद्ध उत्कृष्ट प्रदर्शन गरेपछि समर्थकहरू आशावादी बनेका थिए। जित नजिक पुगेको खेल नेपालले खराब फिनिसिङका कारण ४ रनले गुमाएको थियो। तर, त्यसपछि नेपालको प्रदर्शन निराशाजनक बन्यो। दोस्रो खेलमा इटालीसँग १० विकेटको फराकिलो हार बेहोर्नुपर्‍यो। नेपालले दिएको १२४ रनको लक्ष्य इटालीले १२ ओभरमै पूरा गरेको थियो। ब्याटिङ, बलिङ र फिल्डिङ तीनै पक्षमा कमजोर प्रदर्शन देखिएको थियो। वेष्ट इण्डिजसँगको हारले नेपालको सम्भावनामा पूर्णविराम लाग्यो। लगातार खराब प्रदर्शनपछि समर्थकहरू निराश बनेका छन्। प्रतियोगितामा नेपालले फिनिसिङ क्षमतासमेत देखाउन सकेन।

नेपालले हालसम्म तीनपटक टी-२० विश्वकप खेलेको छ र तीनैपटक समूह चरण पार गर्न सकेको छैन। सन् २०१४ र २०२४ पछि यस संस्करणमा पनि नेपाल समूह चरणमै रोकिएको हो। सन् २०१४ मा नेपालले अफगानिस्तान र हङकङलाई हराए पनि नेट रनरेटका आधारमा अघिल्लो चरण पुग्न सकेन। सन् २०२४ मा भने दक्षिण अफ्रिकासँग १ रनको झिनो हार बेहोरेपछि नेपाल बाहिरिएको थियो।

यसपटक बलिङतर्फ नेपाल प्रभावहीन रह्यो। तीन खेलमा एक रनआउटसहित जम्मा ८ विकेटमात्र लिन सक्यो। नन्दन यादवले ३, दीपेन्द्र सिंह ऐरीले २ तथा सन्दीप लामिछाने र शेर मल्लले समान १ विकेट लिनुभयो। ब्याटिङमा भने दीपेन्द्र सिंह ऐरीले दबाबका बीच वेष्ट इण्डिजविरुद्ध अर्धशतक प्रहार गर्दै व्यक्तिगत रूपमा प्रभाव छाड्नुभयो। विश्वकपमा नेपालका लागि अर्धशतक बनाउने उहाँ २०१४ पछि पहिलो खेलाडी बन्नुभयो। त्यस्तै, वेष्ट इण्डिजविरुद्ध खेलेसँगै सोमपाल कामीले तीनवटै टी-२० विश्वकप खेल्ने कीर्तिमान बनाउनुभयो। उहाँले टोलीले अपेक्षित प्रदर्शन गर्न नसकेको स्वीकार गर्नुभएको छ।

मुम्बईमा हजारौं नेपाली समर्थक राष्ट्रिय जर्सी लगाएर टोलीलाई समर्थन गर्न पुगेका थिए। तर, इटाली र वेष्ट इण्डिजसँगको हारपछि उनीहरू निराश हुँदै फर्किनुपर्‍यो। समूह चरणबाट बाहिरिएसँगै नेपालले आगामी २०२८ टी-२० विश्वकप खेल्न पुनः छनोट प्रक्रिया पार गर्नुपर्नेछ।

### सुखद सम्झना छोड्न चाहन्छौं : निक पोथास

नेपाली क्रिकेट टोलीका कन्सल्टेन्ट प्रशिक्षक निक पोथासले स्कटल्याण्डविरुद्धको आगामी खेलअघि नेपालले छिटो सिक्न नसकेको प्रतिक्रिया दिनुभएको छ। स्कटल्याण्डसँगको खेलअघि उहाँले भन्नुभयो, 'हामीले जति छिटो सिक्नुपर्ने हो, त्यति छिटो सिकिरहेका छैनौं। स्कटल्याण्डविरुद्धको खेलमा खेलाडीहरूले राम्रो प्रतिस्पर्धा गरेको र एउटै गल्ती पटक-पटक नदोहोर्‍याएको हेर्न चाहन्छौं। यो नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो।' उहाँले कप्तान रोहित पौडेलको भनाइलाई समेत उल्लेख गर्दै थप्नुभयो, 'कप्तान रोहितले पनि भने जस्तै हामीले हरेक दिन सिकिरहेका छौं, हामी पुराना मान्छेले त दिनदिनै नयाँ कुरा सिक्छौं भने खेलाडीहरूबाट अझ छिटो सिक्ने अपेक्षा राख्छौं। तर, एउटा गाह्रो पक्ष के छ भने हाम्रा खेलाडीहरूले विभिन्न कन्डिसन र उच्चस्तरको क्रिकेट खेल्ने धेरै अवसर पाएका छैनन्। नेपालका पिचहरू उनीहरूको खेल शैलीलाई सुहाउने खालका छन् र त्यहाँ थोरै कमजोरी हुँदा पनि खेल जित्न सकिन्छ। तर, विश्वकपमा साना गल्तीहरूले ठूलो असर पार्छ। स्कटल्याण्डका खेलाडीहरूलाई हामी राम्ररी चिन्छौं। हामी चाहन्छौं कि हाम्रा खेलाडीहरू अझ सोचविचार गरेर खेलून्। हाम्रो टोली धेरै ऊर्जावान र समर्थकहरूको ठूलो साथ छ। त्यसैले हामी ती समर्थकहरूका लागि यो विश्वकपमा एउटा सुखद सम्झना छोड्न चाहन्छौं।'

उहाँले टोलीले एकरूपको प्रदर्शन गर्नुपर्नेमा पनि जोड दिनुभयो। उहाँले भन्नुभयो, 'इंग्ल्याण्डविरुद्धको खेलमा हामीले आफ्नो योजनालाई राम्ररी मैदानमा उतार्न सकेका थियौं। तर, इटालीविरुद्धको खेलमा हामीले योजनाअनुसार खेल्न सकेनौं। यो धेरै सरल छ, एउटा राम्रो खेल खेल्दैमा तपाईं उत्कृष्ट टोली बन्नुहुन्न। उत्कृष्ट खेलाडी वा टोली बन्नका लागि प्रदर्शनमा निरन्तरता चाहिन्छ। स्कटल्याण्डविरुद्ध राम्रो नतिजा निकालेर र सकारात्मक ऊर्जाका साथ विश्वकपबाट बिदा हुन पाउँदा राम्रो हुनेछ, जसले आगामी ५० ओभरका खेलहरूका लागि पनि आत्मविश्वास बढाउनेछ।' प्राविधिक टोली मजबुत बनाउने विषयमा उहाँले नेपाल क्रिकेट संघ (क्यान) सँग छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'नेपाली क्रिकेटलाई सुधार्ने हो भने एउटा बलियो संरचना हुनुपर्छ। जब खेलाडीहरूलाई आफ्नो स्थान सुरक्षित राख्न प्रदर्शन गर्नैपर्ने दबाब हुन्छ, तबमात्र टोली राम्रो हुन्छ।'

■ टी-२० विश्वकप

# भारत सुपर ८ मा, पाकिस्तानलाई अर्को खेल जित्नैपर्ने दबाब



**एजेन्सी**

नयाँदिल्ली, ४ फागुन

टी-२० विश्वकपमा भारतले पाकिस्तानलाई ६१ रनले पराजित गरेको छ। यो प्रतियोगिताको इतिहासमा रनको हिसाबले पाकिस्तानमाथि भारतको सबैभन्दा ठूलो जित हो। आइतबार कोलम्बोको आर. प्रेमदासा स्टेडियममा १७६ रनको लक्ष्य पछ्याउँदै पाकिस्तान १८ ओभरमा ११४ रनमा अलआउट भयो। उस्मान खानले सर्वाधिक ४४ रन बनाउनुभयो। भारतका लागि जसप्रीत बुमराह, अक्षर पटेल, वरुण चक्रवर्ती र हार्दिक पाण्ड्याले दुई-दुई विकेट लिनुभयो।

टस हारेर पहिले ब्याटिङ गरेपछि भारतले २० ओभरमा ७ विकेट गुमाएर १७५ रन बनाएको थियो। इशान किशनले ४० बलमा ७७ रन बनाउनुभयो। यस इनिङमा १० चौका र तीन छक्का समावेश थिए। कप्तान सूर्यकुमार यादवले ३२ रन बनाउनुभयो। पाकिस्तानका साइम अयुबले ३ विकेट लिनुभयो।

टी-२० विश्वकपको इतिहासमा पहिलोपटक पाकिस्तानले छ स्पिनरहरू प्रयोग गर्दै कीर्तिमान बनाएको थियो। यसअघि, कुनै पनि टोलीले विश्वकप खेलमा छ स्पिनरहरू प्रयोग गरेको थिएन। पाकिस्तानले यस खेलमा स्पिनरहरूसहित १८ ओभर बलिङ गरेको थियो। तीव्र बलिङका लागि परिचित पाकिस्तानी टोलीले यस खेलमा पेसरहरूसहित केवल दुई ओभर बलिङ गरेको थियो। शाहिन शाह अफ्रिदीले दुई ओभर बलिङ गर्नुभयो उहाँ निकै महँगा साबित हुनुभयो। पाकिस्तानले यसअघि अक्टोबर २, २०१२ मा कोलम्बोको सोही मैदानमा भएको टी-२० विश्वकपमा अष्ट्रेलियाविरुद्ध स्पिनरहरूसँग १८ ओभर बलिङ गरेको थियो र तीमध्ये दुई ओभर तेज बलर उमर गुलले बलिङ गर्नुभएको थियो। पाकिस्तानले त्यो खेल जित्यो, तर यसपटक त्यस्तो भएन।

दुवै टोलीका कप्तानले टसको समयमा हात मिलाएका थिएनन्। गत वर्षको एसिया कपमा भारतीय खेलाडीहरूले पहिले पाकिस्तानी खेलाडीहरूसँग हात मिलाउनबाट टाढा राखेका थिए। पहलगाममा भएको आतंकवादी आक्रमणको विरोधमा यो निर्णय गरिएको थियो।

यो जितसँगै भारतीय टोली सुपर ८ राउण्डमा छनोट भएको छ। टोली लगातार तीन जितसहित समूह 'ए' अंक तालिकाको शीर्ष स्थानमा छ। भारतको तीन खेलबाट ६ अंक छ। अमेरिका दोस्रो स्थानमा छ र पाकिस्तान चार-चार अंकसहित तेस्रो स्थानमा छ। अमेरिका, पाकिस्तान, नेदरल्याण्ड्स र नामिबियाले आफ्नो अन्तिम खेल जिते पनि भारतभन्दा बढी अंक हासिल गर्न सक्ने छैनन्। पाकिस्तानलाई छनोट हुन अब नामिबियाविरुद्धको आफ्नो अन्तिम खेल जित्नुपर्नेछ। यदि टोली हारेमा अमेरिका समूह 'ए' बाट भारतसँगै सुपर ८ मा पुग्नेछ र पाकिस्तानको यात्रा समाप्त हुनेछ।

### अफगानिस्तानको झिनो आशा

टी-२० विश्वकपको खेलमा अफगानिस्तानले युएईलाई पाँच विकेटले पराजित गरेको छ। युएईले दिएको १६१ रनको लक्ष्य अफगानिस्तानले १९.२ ओभरमा पाँच विकेट गुमाएर पूरा गर्‍यो। अफगानिस्तानका लागि इब्राहिम जदानले सर्वाधिक ५३ रन बनाउनुभयो भने अजमतुल्लाह उमरजाई ४० रनमा अविजित रहनुभयो।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १६० रन बनाएको थियो। युएईका लागि अलीशान शराफुले सर्वाधिक ६८ रनको योगदान दिनुभयो। टी-२० विश्वकप २०२६ को समूह 'डी' अन्तर्गत भएको यो खेलपछि अंक तालिकामा केही महत्त्वपूर्ण फेरबदल भएको छ। यो खेलपछि अफगानिस्तान तीन खेलमा एक जित र दुई हारका साथ दुई अंक बटुल्दै समूहको तेस्रो स्थानमा उक्लिएको छ। युएई समान खेलबाट एक जितका साथ नेट रनरेटका आधारमा चौथो स्थानमा झरेको छ।

न्युजिल्याण्ड र दक्षिण अफ्रिकाविरुद्ध लगातार हारेपछि पहिलो जित दर्ता गरेको अफगानिस्तानका लागि अझै पनि 'सुपर ८' को झिनो आशा बाँकी छ तर यसका लागि उसले अर्को खेलमा क्यानडालाई हराउनुपर्नेछ र न्युजिल्याण्डको नतिजामा भर पर्नुपर्ने देखिन्छ।

# आमचोक गाउँपालिका योगमाया कप पुरुष भलिबलको विजेता



**निरोज कोइराला/भोजपुर।** योगमाया स्मृति कप अन्तरपालिका पुरुष भलिबल प्रतियोगितामा भोजपुरको आमचोक गाउँपालिका विजेता बनेको छ।

योगमाया खेलकुद विकास समिति षडानन्द नगरपालिका-१ मझुवावेशीको आयोजनामा गत माघ २९ गतेबाट नेपालेडाँडामा सञ्चालन भएको प्रतियोगितामा सात पालिकाले सहभागिता जनाएका थिए। प्रतियोगितातर्फ आमचोक पहिलो र षडानन्द नगरपालिका दोस्रो बनेको हो।

फाइनल खेलमा तीन सेट आमचोकले जित्दा षडानन्दले भने एक सेटमात्र जितेको थियो।

प्रतियोगितामा योगमाया खेलकुद विकास समिति, साल्पासिलिछो गाउँपालिका, सभापोखरी गाउँपालिका, सिलिचुङ गाउँपालिका, आमचोक गाउँपालिका, खाँदबारी नगरपालिका र षडानन्द नगरपालिकाको सहभागिता रहेको थियो।

महाशिवरात्रीका अवसरमा आयोजित कार्यक्रममा सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो। जसमा कलाकारहरू टीका प्रसाई र परेश राईको सांगीतिक प्रस्तुतिसमेत रहेको थियो। समापन कार्यक्रममा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई, नगरप्रमुख सुरेन्द्रकुमार उदास, उपप्रमुख प्रमिला राईलगायतको उपस्थिति रहेको आयोजक संस्थाले जनाएको छ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
**सहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :- २०८२/११/०५

यस आयोजनाबाट बोलपत्रको लागि मिति २०८२/०५/०३ तथा २०८२/०५/१३ मा नागरिक राष्ट्रिय दैनिक पत्रिका एवं www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिसमा उल्लेखित खरिद नं. सँग सम्बन्धित निर्माण कार्यको लागि E–bid मार्फत बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र E–bid मार्फत दर्ता भएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा पभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको आशय प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम तथा सोही ऐनको दफा ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०० को प्रयोजनको लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**तपसिल:**

| क्र.सं. | बोलपत्र दाताको नाम ठेगाना | ठेक्का नं. | कबोल अंक (मू.अ.कर बाहेक तथा प्रोभिजनल रकम सहित) रु. |
|---|---|---|---|
| १. | Bhim Laxmi Nirman Sewa - Saroj & Brothers Constiction JV., Lahan-01, Siraha | PUDBC/Saptari/NCB/Works/03-2082-083 | १,९३,९८,१८०.११ |
| २. | | PUDBC/Saptari/NCB/Works/04-2082-083 | कुनै पनि बोलपत्रदाता सारभूत रुपमा प्रभावग्राही नदेखिएको |
| ३. | Prapti Nirman Sewa– Kb Nirman Serva– Chublu Construction JV., Dhangadhimai-9, Siraha | PUDBC/Saptari/NCB/Works/10-2082-083 | १,८०,९३,२४७.५८ |

**प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना**

उपरोक्त सम्बन्धमा यस आयोजनाबाट मिति २०८२/०५/१३ गते नागरिक राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार मिति २०८२/०६/१२ गते खोलिएका देहाय बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिई मूल्याकन समितिबाट चुनौट गरी सिफारिश भई आएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ (ज) की (५) अनुसार तपसिल बमोजिमको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | प्राविधिक प्रस्ताव मूल्याकनबाट छनौट भएका बोलपत्रदाता | ठेक्का न. | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १. | 1. Nirman Infrastructure and Suppliers–A. To Z. Builders Pvt.Ltd.- Saras Construction Pvt. Ltd., Golanjer,Sindhuli<br>2. Ajay Construction, Lahan-6,Siraha<br>3. J.S.S. Engineering Services Private Limated K.S.M.Services, Gyaneshwor 30, Kathmadu<br>4. Karki Nirman Sewa–Prapti Nirman Sewa– KB Nirman Sewa, Chainpur-7, Dhangadi<br>5. B.M.M. Builders Pvt.Ltd.- Rameshwar Nirman Sewa,Janakpur-5, Dhanusha<br>6. Bhim Laxmi Niman Sewa–Saroj & Brothers Construction Lahan-01, Siraha<br>7.Kalyan Construction Pvt.Ltd.-Suraj Nirman Sewa, Siraha Na Pa-7 | PUDBC/Saptari/NCB/Works/ 13-2082-083 | मिति: २०८२/११/१२<br>समय: दिउँसो ०१:०० बजे<br>स्थान: सधन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी |
| २. | 1. J.S.S. Engineering Services Private Limited, KMC-30 Kathmandu<br>2. Nikita Engineering Construction Company P. Ltd, Tokha M.N Pa 10, Kathmandu<br>3. Uday Nirman Sewa, Rajbiraj-6 Saptari | PUDBC/Saptari/NCB/Works/20-2082-083 | |

**आयोजना प्रमुख**

**Gaushala Municipality**
**Office of the Municipal Executive**
**Gasuhala, Mahottari**
**Madhesh Province, Nepal**

**Invitation for Bid**

**(Date of Publication: 17-02-2026)**

The Gaushala Municipality invites electronic bid from Nepalese eligible bidders for the following procurement under Nepalese Competitive Bidding-Single Stage Single Envelope procedures specified in Public Procurement Act and Regulations

| S. N | IFB No | Description & Location of work | Bid Document fee (NRs) | Bid Security Amount (NRs) | Estimated Amount Inclusive of VAT and Contingency & Ps (NRs) | Last date of Bid submission | Bid opening Date & Time | Bid Validity period in days |
|---|---|---|---|---|---|---|---|---|
| 1 | GAU/NCB/WORKS/08-2082/083 | Construction of 2 story 8 class room at maa vi nigaul | 3000 | 345000.00 | 13652973.93 | 19-03-2026 12:00 | 19-03-2026 14:00 | 90 |
| 1 | GAU/NCB/WORKS/09-2082/083 | Construction of 2 story 8 class room at janta ma vi bharatpur, gaushala,11 | 3000 | 345000.00 | 13652973.93 | 19-03-2026 12:00 | 19-03-2026 14:00 | 90 |

Eligible bidder may obtain information from the office of the municipal executive,Gaushala,Mahottari or visit https://bolpatra.gov.np/egp/login.action

**Chief Administrative Officer**

# आचारसंहिता विपरीत प्रचार रोक्न विज्ञापन बोर्डको सक्रियता

**हिमालय टाइम्स**

काठमाडौं, ४ फागुन




नेपाल सरकारको विज्ञापन बोर्डले प्रतिनिधिसभा सदस्य निर्वाचन आचारसंहिता-२०८२ विपरीत प्रचार-प्रसार गर्ने विज्ञापन तथा सामग्रीमाथि अनुगमन कडाइ गरी कानुनी कारबाही प्रक्रिया अघि बढाइएको जनाएको छ। बोर्डले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै विज्ञापन (नियमन गर्ने) ऐन-२०७६, विज्ञापन (नियमन गर्ने) नियमावली-२०७७ तथा विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता-२०७७ बमोजिम अनुगमन, नियमन र छानबिन कार्य तीव्र पारिएको जानकारी दिएको हो।

निर्वाचन प्रचारका क्रममा सामाजिक सञ्जालको व्यापक प्रयोग भइरहेको र केही राजनीतिक दल, उम्मेदवार तथा समर्थकले होच्याउने, भ्रम सिर्जना गर्ने तथा अपुष्ट सामग्री प्रयोग गरी प्रचार गरिरहेको पाइएको बोर्डको भनाइ छ। कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर उम्मेदवारका फोटो तथा भिडियो सम्पादन गरी भ्रामक सामग्री प्रसारण गरिएको गुनासोसमेत आएको विज्ञप्तिमा उल्लेख छ। यस्ता भ्रामक तथा दुष्प्रचार सामग्रीले मतदातामा भ्रम फैलाएको निष्कर्ष निकाल्दै बोर्डले नक्कली खाता सञ्चालन गरी दुष्प्रचार गर्ने टिकटक तथा फेसबुक खाता बन्द गर्न र आवश्यक कानुनी कारबाहीका लागि निर्वाचन आयोगलाई सिफारिस गरिएको जनाएको छ।

बोर्डले निर्वाचन आचारसंहिता तथा विज्ञापनसम्बन्धी प्रचलित कानुन विपरीत पोस्टर, पर्चा, पम्प्लेट, टि-सर्ट, टोपी, स्टिकर, ब्यानर, होर्डिङ बोर्ड लगायतका सामग्री प्रकाशन तथा प्रदर्शन नगर्न सचेत गराएको छ। जुलुस, आमसभा, घरदैलो कार्यक्रमलगायतका गतिविधिमा पनि तोकिएको प्रक्रिया पूरा गर्नुपर्ने उल्लेख गरिएको छ।

कुनै दल, उम्मेदवार वा समर्थकद्वारा भ्रामक, होच्याउने वा द्वेषपूर्ण श्रव्य-दृश्य सामग्री सामाजिक सञ्जाल, अनलाइन न्यूज पोर्टल, टेलिभिजन, रेडियो वा पत्रपत्रिकामार्फत प्रकाशन-प्रसारण भएको पाइएमा विज्ञापन बोर्ड वा सम्बन्धित निकायमा जानकारी गराउन पनि सर्वसाधारणसँग आग्रह गरिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन सबै राजनीतिक दल, उम्मेदवार, सञ्चारमाध्यम तथा नागरिकलाई सहयोग गर्न बोर्डले अनुरोध गरेको छ।

# एनआइसी एसिया क्यापिटल र होटल इष्टर्नबीच सम्झौता

**हिमालय टाइम्स**

काठमाडौं, ४ फागुन




एनआइसी एसिया क्यापिटलले आफ्नो 'आइडिया टु आइपिओ' सेवाअन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीलाई कम्पनीको स्थापनाकालदेखि आइपिओ जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक पर्ने सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउँदै आएको छ। सोही सेवाका लागि होटल इष्टर्न नेपाल लिमिटेडबीच सम्झौता भएको छ। मेचीनगर-१० मा कारोबार कार्यालय रहेको होटल इष्टर्न नेपालको प्रबन्धपत्रमा व्यवस्था भएअनुसार प्रचलित कानुनको अधिनमा रही भविष्यमा सर्वसाधारणमा प्राथमिक सेयर( आइपिओ) निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी दुईपक्षीय सम्झौता भएको हो।

होटल इष्टर्न नेपाल मेचीनगर-१०, झापामा रहेको अन्तर्राष्ट्रियस्तरको प्रस्तावित पाँचतारे होटल हो। उक्त होटल सञ्चालनका लागि इन्टरकन्टिनेन्टल होटल्स ग्रुप-एसिया प्यासिफिक पिटिइ एलटिडी(आइएचजी) को ब्राण्डअन्तर्गतको ख्यातिप्राप्त ब्राण्ड 'होलिड इन एस्प्रेस एण्ड स्वीट्स'सँग व्यवस्थापकीय सम्झौतासमेत सम्पन्न भइसकेको कम्पनीले जनाएको छ। जसअन्तर्गत होटलको समग्र व्यवसाय विस्तार, होटल सञ्चालन तथा व्यवस्थापनमा प्रत्यक्ष सहभागिता रहनेछ। कम्पनीका अनुसार निर्माणको अन्तिम चरणमा रहेको होटल इष्टर्न नेपाल आगामी २०८३ साल वैशाखभित्र नियमित रूपमा सञ्चालनका लागि बुकिङ खुला गर्ने लक्ष्यसहित सम्पूर्ण आवश्यक प्रक्रिया अगाडि बढाएको छ।

होटल सञ्चालनमा आउनासाथ पाँचतारे होटलस्तरको सम्पूर्ण सेहवाहरू उपलब्ध हुनेछन्। होटल निर्माण सम्पन्न गरी नियमित सञ्चालनमा आएको अवस्थामा होटल रहेको स्थान भारतीय सीमा सात किलोमिटर दूरी रहेको तथा इण्डियन एयरपोर्ट, बागडोरा जम्मा २७ किलोमिटर दूरीमा रहेकाले भारतीय पर्यटकको उपस्थिति उल्लेख्य रूपमा रहने देखिएकाले होटलको व्यवसाय विस्तार सहज र सरल हुन गई होटलले उचित आम्दानी गर्न सक्ने बलियो सम्भावना रहेको छ। होटल इष्टर्न नेपालले अन्तर्राष्ट्रियस्तरको सेवा सुविधा उपलब्ध गराउने भएकाले उक्त होटल सञ्चालनपछि नेपालको पर्यटन क्षेत्रको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

होटल सञ्चालनपछि अन्तर ाष्ट्रियस्तरको सेमिनार, सभा सम्मेलन तथा गोष्ठीहरू नेपालमा गराउन सहज र वैदेशिक मुद्रा आर्जन गरी देशको अर्थव्यवस्था मजबुत बनाउनसमेत महत्त्वपूर्ण योगदान पुग्ने बताइएको छ। साथै एनआइसी एसिया क्यापिटलले ' आइडिया टु आइपिओ' सेवाअन्तर्गत प्रालि कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गरी साधारण सेयर निष्कासनसम्मको कार्य गर्न आवश्यक परामर्श सेवा सञ्चालन गरिरहेकाले उक्त सेवा लिन चाहने कम्पनीहरूले क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ अधिकृत दामोदर रायमाझीलाई सम्पर्क गर्न सकिने पनि कम्पनीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

# 'एनइए एई साथी' प्रणाली ल्याउँदै विद्युत् प्राधिकरण

**काठमाडौं।** नेपाल विद्युत् प्राधिकरणले संस्थालाई प्रविधिमैत्री, सरल, सक्षम र भविष्य उन्मुख बनाउने दीर्घकालीन रणनीतिअनुसार 'एनइए एई साथी' प्रणाली (एप) प्रयोगमा ल्याउने भएको हो। कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिका रूपमा मात्र नभई संस्थागत साथीका रूपमा आत्मसात गर्ने नवीन अवधारणासहित 'एनइए एई साथी' प्रणाली (एप) प्रयोगमा ल्याउन लागिएको प्राधिकरणले जनाएको छ। प्राधिकरणले एआई प्रवर्द्धनको उद्देश्यसाथ 'ह्याकाथन इभेन्ट-२०८२' समेत आयोजना गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले भन्नुभयो, 'एआईलाई जटिल र टाढाको प्रविधि होइन, आवश्यक परेका बेला सम्झिने र सहयोग लिने साथी बनाउनुपर्छ भन्ने सोचसाथ यो कार्यक्रम अघि बढाएका हौं, 'एई साथी' नाम आफैंमा एक आकर्षक र जनमैत्री अवधारणा हो। यसले प्रविधिलाई जटिल नभई आत्मीय, सहज र प्रयोगमैत्री रूपमा प्रस्तुत गर्ने लक्ष्य हामीले राखेका छौं।'

सेवाग्राहीले 'एई साथी' भनी बोलाउने र ग्राहकलाई आवश्यक पर्ने विभिन्न जानकारी तथा सहयोगका लागि प्रयोग गर्ने संस्कार क्रमशः विकास हुँदै जाने विश्वास प्राधिकरणले लिएको पनि उहाँले बताउनुभयो। एआईलाई संस्थागत रूपमा आत्मसात गर्ने उद्देश्यले सुरु गरिएको ' ह्याकाथन' मा संस्थाभित्रकै कर्मचारीबाट २७ वटा प्रस्तावका विषयमा प्रस्तुत भएको र ती प्रस्ताव ग्राहक सेवा सुधार, प्रशासनिक कार्यप्रवाह सरलीकरण, डेटा विश्लेषण, नीतिगत तथा कानुनी सहजीकरणलगायतका विषयमा केन्द्रित रहेको प्राधिकरणले जनाएको छ। 'ह्याकाथन' मार्फत् प्राप्त प्रस्ताव प्रस्तुतीकरणपछि विस्तृत मूल्यांकन गरिने र मूल्यांकन प्रक्रियाबाट उत्कृष्ट तथा व्यावहारिक अवधारणा छनोट गरी क्रमशः कार्यान्वयनमा लगिने प्राधिकरणले जानकारी दिएको छ। प्राधिकरणले दीर्घकालीन रणनीतिसाथ 'एई साथी' को अवधारणा विकास गरिएको भन्दै उक्त पहललाई संस्थागत नवप्रवर्तन, डिजिटल रूपान्तरण तथा सेवा सुधारतर्फको महत्त्वपूर्ण सुरुवातका रूपमा अघि बढाएको जनाएको छ। प्राधिकरणका अनुसार, 'एई साथी' प्रणालीलाई प्राधिकरणले प्रारम्भिक चरणमा ग्राहक सेवा र सूचना प्रवाहमा केन्द्रित गर्ने र विस्तारै प्राविधिक विश्लेषण, लोड व्यवस्थापन, पूर्वानुमान र डेटा-आधारित निर्णय प्रक्रियासम्म विस्तार गर्ने योजना बनाएको छ।

# प्रस्तावित राष्ट्र बैंक ऐनमा सुझाव माग

**हिमालय टाइम्स**

काठमाडौं, ४ फागुन

सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई (तेस्रो संशोधन) ऐन, २०८२' को मस्यौदा सार्वजनिक गर्दै मस्यौदामा सरोकारवालाबाट राय सुझाव माग गरेको छ। अर्थ मन्त्रालयले आगामी फागुन ७ गतेसम्म इमेल वा मन्त्रालयको वेबसाइटमार्फत् प्रतिक्रिया पठाउन भनेको हो। अर्थ मन्त्रालयले वित्तीय क्षेत्रमा प्रविधिको बढ्दो प्रयोग र केन्द्रीय बैंकको भूमिकालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन नयाँ विधेयक तर्जुमा गरिएको जनाएको छ। प्रस्तावित विधेयक मस्यौदामा 'डिजिटल बैंक' र 'डिजिटल मुद्रा' लाई स्पष्ट रूपमा परिभाषित गर्दै कानुनी मान्यता दिने उल्लेख छ।

केन्द्रीय बैंकको स्वायत्तता र सुशासन थप सुदृढ बनाउन गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको नियुक्ति तथा पदमुक्तसम्बन्धी व्यवस्थामा परिवर्तनहरू गरिएको छ। नयाँ व्यवस्थाअनुसार कार्यकाल समाप्त भएका गभर्नर र सञ्चालकलाई सरकारले उचित ठानेमा एकपटकका लागि पुनः नियुक्ति गर्न सक्नेछ भने उनीहरूलाई पदबाट हटाउनुअघि अनिवार्य रूपमा सफाइ पेश गर्ने उचित मौका दिनुपर्ने प्रावधान राखिएको छ। त्यस्तै, गभर्नर वैदेशिक भ्रमणमा जाँदा अब नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थाका साथै बैंकको पुँजी घट्न गएमा तीन महिनाभित्र सरकारले पुँजी उपलब्ध गराउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। सरकारले केन्द्रीय बैंकको स्वायत्तता सुदृढीकरण, केन्द्रीय बैंकको उद्देश्य र कार्यक्षेत्रमा थप स्पष्टता, डिजिटल बैंक तथा डिजिटल मुद्राको अवधारणा ग्रहण र नियमन, जोखिममा आधारित सुपरीवेक्षण प्रणाली प्रवर्द्धन, मुद्रास्फीति नियन्त्रणसम्बन्धी व्यवस्था सुदृढीकरण, संघीय संरचना अनुरूप नेपाल राष्ट्र बैंकको भूमिका मिलान,

**अर्थ मन्त्रालयले वित्तीय क्षेत्रमा प्रविधिको बढ्दो प्रयोग र केन्द्रीय बैंकको भूमिका अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन नयाँ विधेयक तर्जुमा गरिएको जनाएको छ।**

अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुरूप वासलात तथा प्रतिवेदन प्रणालीको आधुनिकीकरण, बैंक तथा वित्तीय संस्थाको फरफारकसम्बन्धी व्यवस्थामा थप स्पष्टतालगायतका लागि ऐन संशोधन आवश्यक रहेको जनाएको छ। विधेयकको प्रस्तावित मस्यौदामा वित्तीय संस्थाको परिभाषामा वित्तीय होल्डिङ कम्पनी, डिजिटल बैंकलाई पनि समावेश गरिएको छ भने डिजिटल करेन्सीलाई पनि करेन्सीका रूपमा परिभाषित गरिएको छ। त्यस्तै, केन्द्रीय बैंकको पहिलो उद्देश्य मूल्य स्थिरता कायम गर्ने, मूल्य स्थिरता कायम गर्ने उद्देश्य प्रतिकूल नहुने गरी बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्र स्थायित्व कायम गर्ने दोस्रो उद्देश्यका रूपमा प्रस्ताव गरिएको छ। मूल्यसँगै बैंकिङ तथा बाह्य क्षेत्र स्थायित्वमा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने तेस्रो उद्देश्य रहेको छ। केन्द्रीय बैंकलाई सरकारी वित्त र विकासात्मक कार्यसँग सम्बन्धित कार्य गर्ने तथा नेपाल सरकार, सरकारी स्वामित्वमा रहेको संस्था, सार्वजनिक निकाय, कम्पनी वा अन्य संस्थाको दायित्वको जमानत दिने जस्ता कार्यमा रोक लगाइने पनि ऐनको मस्यौदामा उल्लेख छ।

त्यस्तै, केन्द्रीय बैंकलाई बैंक नोट, सिक्का वा असर्फी उत्पादन, बिक्रीवितरण गर्ने, विदेशी मुद्रा खरिदबिक्री तथा लगानी गर्नेमात्रै नभएर सुन खरिदबिक्री तथा लगानी गर्ने, आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न बैंकलाई आवश्यक पर्ने सम्पत्ति प्राप्त गर्ने वा खरिद गर्ने जस्ता कार्य गर्न पाउने व्यवस्था पनि ऐनमा थप गरिएको छ। राष्ट्र बैंकले वाणिज्य बैंक वा वित्तीय संस्थाको धितो मूल्यांकन, सञ्चालन र संरक्षण गर्ने, वाणिज्य बैंक वा वित्तीय संस्थाको धितो पुनर्संरचना गर्ने र हस्तान्तरण गर्ने, साख मूल्यांकन गर्ने, साख सूचना आदानप्रदान गर्ने काम गर्न सक्ने व्यवस्थाका साथै तथ्यांक प्रशोधन र सम्प्रेषण गर्ने, वित्तीय उपकरण मुद्रण गर्ने, भुक्तानी क्लियरिङ गर्ने, सम्पत्तिलाई तरल बनाउने, सम्पत्ति व्यवस्थापन गर्ने, ट्रष्टीका रूपमा काम गर्ने कम्पनीलाई ऋण दिने वा सेयर लगानी गर्न सक्ने व्यवस्था गरिएको छ। राष्ट्र बैंकको सञ्चालक बन्न अर्थ मन्त्रालयको सचिवबाहेक नेपाल सरकार र सार्वजनिक प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारीलाई रोक लगाउन प्रस्ताव गरिएको छ भने राष्ट्र बैंकले बैंकहरूले लगानी गर्नुपर्ने क्षेत्रगत कर्जा नीति कार्यान्वयन गभर्नरले गराउन सक्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

केन्द्रीय बैंकको कार्यसम्पादनमा थप स्वायत्तता प्रदान गर्न, नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय तथा नियमन कार्यलाई थप प्रभावकारी बनाउन र आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य, नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजना (२०२२-२०२६) तथा मौद्रिक नीतिमा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐनमा समयानुकूल परिमार्जन तथा संशोधन गर्न आवश्यक भएकाले ऐनको मस्यौदा सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ। प्रस्तावित मस्यौदाअनुसार ऐन संशोधन भएमा दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने बताइएको छ।

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन नं.४, रामेछाप, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति: २०८२/११/०५

यस कार्यालयको मिति २०८२/०९/२५ गते प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यको लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएको ले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र पेश गर्ने सम्बद्ध सबैका लागी यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर समेत रु.) |
|---|---|---|---|---|
| 1. | Supply/NCB/ WSSD4/01/2082/083 | Supply and Delivery of HDPE Pipe (PE100 SERIES NS-40 -2079 Compliance) at Ramechhap, Manthali Head Office for Water Supply project Division No-4, Ramechaap | Godawari Plastocraft Industries, Hetauda-9, Makawanpur | 5972687.32/- |
| 2 | Supply/NCB/ WSSD4/02/2082/083 | Supply and delivery of GI Pipe at Ramechhap, Manthali Head Office for Water Supply Project Division No-4, Ramechhap | Bhagawati Steel Ind. Ltd, Jeetpur simra-9, Bara | 4908323.82/- |
| 3 | Supply/NCB/ WSSD4/03/2082/083 | Supply and delivery of HDPE Pipe (PE 100 SERIES & NS-40-2079 Compliance) at Sindhuli Site Office for water Supply Project Division No-4, Ramechhap | Godawari Plastocraft Industries, Hetauda-9, Makawanpur | 12479616.04/- |
| 4 | Supply/NCB/ WSSD4/04/2082/83 | Supply and delivery of GI Pipe at Sindhuli Site Office for water Supply Project division No-4, Ramechhap | Mainawati Steel Industries Limited, Kathmandu, Nepal | 5568108.90/- |

**डिभिजन प्रमुख**

**Kushma Municipality**
**Office of the Municipal Executive**
**Kushma, Parbat**

**INVITATION FOR BIDS**

**( Publication Date: 2082/11/05)**

1. Kushma Municipality, Office of the Municipal Executive invites only electronic bids from eligible bidders for the Procurement of Works as specified below under National Competitive Bidding and Sealed Quotation procedures.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KM/W/NCB/ PAR/RE/06 (082/83) | construction & Blacktop works of Sahudada Bhumechwok hudei 13 Ward karyalaya samma Sadak kushma-13 | 90/120 | 27,52,568.93 | 81,500 | 3000 | 2082/11/24 till 12:00 Noon | 2082/11/24 at 1:00 PM | 2nd publication |
| 2. | KM/W/NCB/ PAR/RE/07 (082/83) | Construction & Upgrading Works of Adarsha School dekhi Purano Bazar jodne Sadak kushma -05 | 90/120 | 20,98,555.28 | 62,500 | 3000 | 2082/11/24 till 12:00 Noon | 2082/11/24 at 1:00 PM | 2nd publication |
| 3. | KM/W/NCB/ PAR/RE/09 (082/83) | Construction & Upgrading Works of chuwa Ring-road kushma-08 | 90/120 | 21,04,318.23 | 62,500 | 3000 | 2082/11/24 till 12:00 Noon | 2082/11/24 at 1:00 PM | 2nd publication |
| 4. | KM/W/NCB/ PAR/RE/12 (082/83) | Construction & Upgrading Works of Kushma Buspark Aglo Pul Falamkhani Sadak kushma -07 | 90/120 | 21,09,929.61 | 62,500 | 3000 | 2082/11/24 till 12:00 Noon | 2082/11/24 at 1:00 PM | 2nd publication |
| 5. | KM/W/SQ/ PAR/01 (082/83) | Construction of Sanghnagh Dorje Choling Gumba Kushma-14 | 45/75 | 17,06,725.38 | 50,000 | 1000 | 2082/11/24 till 12:00 Noon | 2082/11/24 at 1:00 PM | 1st publication |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kushma Municipality, Kushma, Parbat Nepal, +9779857043111 or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल